ネパール語

厚生労働省

# जीविका समर्थनको लागि गरिने सहयोगको बारेमा निर्देशन

सन् 2020 जुलाई 16 तारिखमा अद्यावधिक

## आर्थिक रूपमा समस्यामा भएकाहरूलाई (जीविका या व्यवसायको लागि)

### ● विशेष निश्चित लाभ (अस्थायी नाम)

सन् 2020 अप्रिल 27 गते सम्ममा आधारभूत निवास दर्ता गरेकाहरूलाई प्रति व्यक्ति 1 लाख (10 मान) येन दिइनेछ। *अन्तिम म्याद आवेदन सुरु भएको मिति देखि 3 महिना भित्र रहनेछ।

P.5

### ● अस्थायी तथा विशेष लाभ रकम (बालबालिका हुर्काइ रहेका परिवार का लागि)

नयाँ कोरोना भाइरसबाट प्रभावित स्थितिमा बालबालिका हुर्काई रहेका परिवार लाई जीविका सहयोग पुऱ्याउने प्रयासको रूपमा, बाल भत्ता (नियमित लाभ) पाइरहेका परिवारलाई अस्थायी तथा विशेष लाभ रकम (एकमुष्ठ रकम) भुक्तान गरिन्छ।

P.6

### ● न्यून आय हुने एकल अभिभावकीय घरपरिवार प्रतिको अस्थायी तथा विशेष लाभ रकम

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले बालबालिका हुर्काउने र कामलाई एक्लैले सम्हाल्नु पर्ने, एकल अभिभावकको बढ्दो बोझ र घट्दो आम्दानी प्रति सहयोग पुऱ्याउने हेतुले, अस्थायी तथा विशेष लाभ रकम भुक्तान गरिनेछ।

P.7

### ● आपतकालीन साना कोष, सामान्य समर्थन कोष (जीविका खर्च)

नयाँ कोरोना भाइरस संक्रमणको कारणले काम बाट निलम्बन गरिएका वा बेरोजगार भएका व्यक्ति, परिणामस्वरूप जिबिका खर्चमा कठिनाई भोगिरहेकाहरूलाई ऋण उपलब्ध गराइनेछ।

P.8

### ● जिजोकु-खा क्यूफुकिन अर्थात् दिगो बनाउने लाभ रकम (मध्यम स्तरका तथा साना तथा मझौला संस्थाहरू, व्यक्तिगत उद्यमीहरूका लागि)

विशेष गरी नयाँ कोरोना भाइरस सङ्क्रामक रोगबाट प्रभावित व्यवसायहरूलाई व्यापक लाभ प्रदान गर्नेछौँ जसले गर्दा व्यवसाय निरन्तरतालाई समर्थन होस्  र पुनः सुरुवातको लागि आधारका रूपमा सहयोग होस् ।

P.9

### ● घरभाडा टेवा लाभ रकम (मध्यम स्तरका तथा साना तथा मझौला संस्थाहरू, व्यक्तिगत उद्यमीहरूका लागि)

मे महिनामा घोषणा गरिएको आपतकाल लम्बिने जस्ता कारण गर्दा, घट्दो सेल्सको सामना गर्नुपरका उद्यमीहरूको व्यवसायलाई निरन्तरता टेवा दिने, जग्गाभाडा वा घरभाडाको बोझ कम गर्ने उद्देश्यले, भाडामा बस्ने उद्यमीलाई लाभ रकम भुक्तान गरिनेछ।

P.10

### ● जापान फाइनान्स कर्पोरेसन एवम् ओकिनावा डेभ्लप्मेन्ट फाइनान्स कर्पोरेसनले प्रदान गर्ने नयाँ कोरोना भाइरस सङ्क्रामक रोग विशेष ऋणहरू

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले व्यवसायीकता बिग्रिएका फ्रीलान्सर लगायत व्यक्तिगत उद्यमीहरूलाई वास्तविक रूपमा बिना ब्याजी, बिना धितो कर्जा प्रदान गरिनेछ।

P.11

### ● निजी वित्तीय संस्थाहरूले प्रदान गर्ने वास्तविक रूपमा बिना ब्याजी, बिना धितो कर्जा

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले व्यवसायीकता बिग्रिएका फ्रीलान्सर लगायत व्यक्तिगत उद्यमीहरूलाई वास्तविक रूपमा बिना ब्याजी, बिना धितो कर्जा प्रदान गरिनेछ।

P.12

### ● सामाजिक बिमा (स्याखाई होकेन आदि)को भुक्तान स्थगित गर्नु

वर्तमान परिस्थिति बाट कसरी बाँच्ने भन्ने चिन्तामा रहेका व्यक्तिहरूका लागि आपतकालीन सहयोगको रूपमा सामाजिक बीमा किस्ता मात्र नभई राष्ट्रिय कर, सार्वजनिक उपयोगिता शुल्क इत्यादीको भुक्तानी स्थगित गर्न सकिनेछ।

P.13 ～16

### ● कर्मचारी पेन्सन बिमा शुल्क आदिको मानक मासिक पारिश्रमिकको विशेष प्रावधानात्मक संशोधन

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावको कारणले काम-बिश्राम-बिदा लिनु परेर उल्लेखनीय रूपमा पारिश्रमिक घटेको अवस्थामा, कर्मचारी पेन्सन बिमा शुल्क आदिको मानक मासिक पारिश्रमिकलाई आउँदो महिनादेखि विशेष प्रावधानको रूपमा संशोधन गर्न सकिनेछ।

P.17

厚生労働省
ひと、くらし、みらいのために
Ministry of Health, Labour and Welfare

# जीविका समर्थनको लागि गरिने सहयोगको बारेमा निर्देशन

## ● सुरक्षित आवास लाभहरू (भाडा शुल्क)

व्यापार बन्द भएकोको कारणले आम्दानीमा कमी आएका, जागिर नगुमाएका वा व्यवसाय बन्द नगरेकाहरू तर समान अवस्थामा पुगेकाहरू, जो आफु बसेको बासस्थान गुमाउने जोखिममा छन् ति व्यक्तिहरूलाई निश्चित अवधिको लागि भाडा भुक्तान गर्न सकिनेछ। P.11

## ● गरिबी/आर्थिक अभावमा परेका व्यक्तिलाई आत्मनिर्भर समर्थन प्रणाली

जिबिका कठिनाई भएका, प्रत्येक व्यक्तिको अवस्था लाई मध्यनजर गरि समर्थन गरिनेछ। P.12

## ● कल्याणकारी लाभ प्रणाली

जटिल आर्थिक परिस्थितिमा खाँचोमा परेकाहरूका लागि, आवश्यक समर्थनहरू गरिनेछ जस्तो कि बाँच्नका लागि सुनिश्चित गर्ने र स्वतन्त्रताको प्रवर्द्धनको लागि आवश्यक अनुसारको खर्च प्रदान गरिन्छ ताकी सामान्य जीवनमा फर्कन सहयोग पुगोस। P.13

## नयाँ कोरोना भाइरसको संक्रमण इत्यादी ले गर्दा काममा बिदा भएमा

## ● चोटपटक तथा बिरामी भत्ता

स्वास्थ्य बीमा अन्तर्गत बीमा गरेका व्यक्ति, बिरामी वा चोटपटकको उपचारको लागि बिदा बसेमा, बिदा बसेको चौथो दिन र सो पछि का दिनको आय सुरक्षित गरिनेछ। P.14

## ● बिदा भत्ता

कम्पनीको कारणले श्रमिकलाई बिदा बसालेमा, सो अवधिको बिदा भत्ता (औसत ज्यालाको 60% भन्दा बढी) भुक्तानी गर्नुपर्ने हुन्छ। P.15

## ● रोजगार समायोजन अनुदान

व्यापार गतिविधिहरू कम गर्न बाध्य गरिएका ब्यापारी जसलाई रोजगार जारी राख्न आर्थिक समस्या छ ति ब्यापारीका लागि बिदा भत्ता लागतको लागि आर्थिक सहायता गरिनेछ। P.16

## ● 'नयाँ कोरोना भाइरस सङ्क्रामक रोग प्रतिक्रियात्मक काम-बिश्राम-बिदा टेवा रकम'

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले काम-बिश्राम-बिदा लिन लगाइएर, काम-बिश्राम-बिदा भत्ताको भुक्तानी प्राप्त गर्न असमर्थ श्रमिकलाई 'नयाँ कोरोना भाइरस सङ्क्रामक रोग प्रतिक्रियात्मक काम-बिश्राम-बिदा टेवा रकम' भुक्तान गरिनेछ। P.24

## ● नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्ध अनुरूप बिदा बस्ने प्रति अनुदान रकम

नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्ध अनुरूप काम-बिश्राम-बिदा बस्नुपर्ने गर्भवती महिला श्रमिकको लागि तलबी बिदा प्रणाली लागु गरी बिदा बस्न लगाएका उद्यम मालिकलाई अनुदान दिइनेछ। P.25

## ● काम तथा जीविका सन्तुलन अनुदान (सुसारे काम-छोडाई रोकथाम कोर्ष (नयाँ कोरोना सङ्क्रामक रोगको लागि विशेष प्रावधान))

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रतिक्रिया स्वरूप, परिवारको स्याहार सुसार गर्नुपर्ने आवश्यकता रहेका श्रमिकले बालबालिका स्याहार सुसार काम-बिश्राम-बिदा ऐनमा आधारित रहने स्याहार सुसार काम-बिश्राम-बिदा बाहेककै तलबी बिदा प्राप्त गरेर स्याहार सुसार गर्ने व्यवस्था मिलाउन पहल गर्ने साना तथा मझौला उद्योगपतिहरूलाई अनुदान दिइनेछ। P.26

# जीविका समर्थनको लागि गरिने सहयोगको बारेमा निर्देशन

## काम खोज्दै नि:शुल्क पेसागत तालिम लिन चाहनु हुन्छ भने

- **सार्वजनिक पेसागत तालिम (काम छोडेकाको तालिम)**

  रोजगार बीमा प्राप्त गर्दै नि:शुल्क (पाठ्यपुस्तकहरूको वास्तविक शुल्क मात्र बेहोरे पुग्ने) पेसागत तालिम लिन सकिनेछ। P.27

- **रोजगारी खोजीकर्ता टेवा तालिम**

  रोजगार बिमा भुक्तान प्राप्त गर्न नसक्ने रोजगारी खोजीकर्ताले नि:शुल्क (पाठ्यपुस्तकहरूको वास्तविक शुल्क मात्र बेहोरे पुग्ने) पेसागत तालिम कोर्ष लिँदै, आवश्यक सर्तहरू पूरा गरेमा मासिक 1 लाख येन कोर्ष भत्ता आदि जस्ता लाभ रकमहरू प्राप्त गर्न सक्नेछन्। P.28

## प्राथमिक विद्यालय (स्योउगक्कोउ) अस्थायी बिदाका कारण बालबालिकाको हेरचाह आवश्यक भएमा।

- **प्राथमिक विद्यालय बन्द अनुदान (श्रमिकलाई रोजगार दिइरहेका रोजगारदाताहरू)**

  प्राथमिक विद्यालय बन्द भए सँगै, आफ्ना बाल बालिकाको हेरचाह गर्नु पर्ने "श्रमिकहरू (थाई या अस्थाई )हरूका लागी, (श्रम मापदण्ड कानून ऐन अन्तर्गत वार्षिक भुक्तानी बिदा बाहेक)को यूक्यु (पूरा तलब भुक्तानी )को बिदा दिएका व्यवसाय मालिक लाई अनुदान दईनेछ। P.17

- **प्राथमिक स्कूल बन्दको लागि अनुदान (फ्रीलान्सरहरूको लागि)**

  प्राथमिक विद्यालय आदि अस्थायी रूपमा बन्द भए सँगै, बालबालिको हेरचाह गर्न परेका "फ्रीलान्सर (अभिभावकहरू) लाई बिदा अवधिको आर्थिक सहयोग गरिनेछ। P.18

- **कम्पनी द्वारा प्रायोजित बेबीसिटर प्रयोगको समर्थन**

  नयाँ कोरोना भाइरस संक्रमणले प्राथमिक विद्यालय इत्यादी अस्थायी रूपमा बन्द भई, अभिभावकहरूले काममा बिदा लिनु पर्दा वा स्कूल पछि बाल बालिकाको क्लबहरू इत्यादी प्रयोग गर्न नसकी, बेबिसिटर सेवा प्रयोग गरेमा उपयोग शुल्क सहायता गरिनेछ। P.19～20

# परामर्श काउण्टरहरूको सूची

## हरेकलाई मद्दत गर्न  विभिन्न परामर्श सेवाहरू छन् सम्पर्क गर्न नहिचकिचाउनुहोला

## कामको बारेमा सल्लाह गर्नु परेमा

### ● हेलो वर्क [Tel: निकटको हेलो वर्कमा कल गर्नुहोस्]

यदि तपाईँ कामको खोजीमा हुनुहुन्छ भने, कृपया नजिकको स्थानीय हेलो वर्कमा सम्पर्क गर्नुहोला। हेलो वर्कको  इन्टरनेट सेवामा पनि रोजगारको सूची उपलब्ध छ र रोजगारी परिचय इत्यादिका लागि फोनबाट पनि परामर्श लिन सक्नुहुन्छ।

यसबाहेक आवश्यक परेमा आवास र जीविका समर्थन प्रणालीको बारेमा पनि निर्देशन प्रदान गरिनेछ।

## श्रम समस्याहरू (बर्खास्त, रोजगार निलम्बन, आदि)को बारेमा परामर्शको लागि

### ● श्रम परामर्श विशेष काउण्टर [TEL: नजिकको काउण्टरमा सम्पर्क गर्नुहोस्]

प्रत्येक प्रान्तको श्रम कार्यालयमा "विशेष श्रम परामर्श सेवा" डेस्क स्थापना गरिएको छ।
नयाँ कोरोना भाइरसको प्रभावका कारण रोजगार बर्खास्त,  निलम्बन, बिदा भत्ता, आदि जस्ता श्रम परामर्शको समर्थन गरिनेछ।
थप रूपमा,  नयाँ काम पाएका तर सम्झौता रद्द गरिएकाहरूका  लागि "विशेष परामर्श सेवा" स्थापना गरिएको छ र फोन बाट पनि परामर्श गर्न सकिन्छ।

## मानसिक अवस्थाको बारेमा परामर्श गर्न चाहनुहुन्छ भने।

### ● मानसिक स्वास्थ्य कल्याण केन्द्र, इत्यादि[Tel:नजिकको कल्याण केन्द्रमा सम्पर्क गर्नुहोस्]

कोरोनाको चिन्ताले गर्दा सुत्न सक्नुहुन्न अथवा बालबालिकाको हेरचाह ले गर्दा तनावमा हुनुहुन्छ भने सार्वजनिक स्वास्थ्यकर्मी  नर्सहरू र मानसिक स्वास्थ्य कल्याण कर्मी जस्ता विशेषज्ञ द्वारा अन्तर्वार्ता र टेलिफोन कलहरू मार्फत परामर्श दिइनेछ।

### ● श्रमिकहरूको लागि मानसिक स्वास्थ्य पोर्टल साइट "कोकोरो नो मिमि"

कार्यस्थलमा हुने मानसिक हैरानीको बारेमा जानकारी प्रदान गरिनेछ। थप रूपमा, औद्योगिक सल्लाहकारहरू द्वारा, इ-मेल वा टेलिफोन द्वारा अधिक कामको कारण भएका मानसिक तथा स्वास्थ्य समस्याहरूको बारेमा परामर्श प्रदान गरिनेछ।

## घरेलु हिंसा या बालबच्चा हुर्काउने  बारेमा चिन्तित हुनुहुन्छ र छलफल गर्न चाहनुहुन्छ भने।

### ● घरेलु हिंसा परामर्श नेभिगेसन 【TEL:0570-0-55210】 , घरेलु हिंसा परामर्श +(प्लस) 【TEL:0120-279-889】

श्रीमान वा श्रीमतीबाट हुने हिंसा (घरेलु हिंसा)को चिन्तालाई लिएर परामर्श लिन सकिनेछ। घरेलु हिंसा परामर्श नेभिगेसनले तपाईँको नजिकको काउण्टरमा सम्पर्क गराइदिनेछ। घरेलु हिंसा परामर्श प्लसमा 24 सै घण्टा टेलिफोन परामर्श, सामाजिक सञ्जाल (SNS) वा मेलबाट पनि प्रतिक्रिया पाउन सकिनेछ।

### ● बाल परामर्श केन्द्र: बाल हिंसा प्रतिक्रिया डायल

[TEL: कृपया नजिकको बाल परामर्श केन्द्र वा बाल हिंशा डायल (189)मा कल गर्नुहोस्।]
बाल बालिकाको पालनपोषण बारे चिन्ता या बाल हिंशा सम्बन्धी फोनमार्फत परामर्श, दिइने छ।

## जिबिकामा कठिनाई या अन्य विभिन्न समस्याहरूको बारेमा कुरा गर्न चाहन्छ भने।

### ● योरी सोइ हटलाइन (टेलिफोन आदि द्वारा परामर्श) 【TEL:0120-279-338】

जस्तो सुकै व्यक्तिको जस्तो सुकै समस्या भए पनि तपाइको साथ मिलेर समाधानको उपाय खोज्ने छौ  (परामर्शको उदाहरण)
• आफ्नो दैनिक जीवन र सरोकारहरूकोको बारेमा सल्लाह गर्न चाहन्छ, घरेलु हिंशा / यौन हिंसाको बारेमा कुरा गर्न चाहान्छन्, विदेशी भाषामा परामर्श लिन चाहान्छन्।

### ● सामाजिक संजाल(SNS)मार्फत परामर्श

उमेर वा लिङ्ग मतलब नगरी, हामी परामर्श स्वीकार गर्दछौ जस्तै लाइन, ट्विटर, फेसबुक र टेलिफोन जस्ता SNS मार्फत "जिबिका चलाउन गाह्रो भयो" जस्ता परामर्शहरू।

# विशेष निश्चित लाभ (अस्थायी नाम)

नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सँग लड्नको लागि आपत्कालीन प्रोत्साहन प्याकेजको रूपमा, प्रति व्यक्ति 1 लाख (10 मान) येन प्रदान गरिनेछ। भुक्तानी प्रक्रिया छिटो छरितो र सही रूपमा गरिनेछ।

## योग्य व्यक्ति

मिति (27 अप्रिल, 2020) भित्र आधारभूत निवासी रेजिष्टरमा दर्ता भएका व्यक्ति।

## भुक्तानी रकम

प्रति भुक्तानी योग्य व्यक्ति **1 लाख (10 मान) येन**

## लाभार्थी (भुक्तानी प्राप्त गर्न योग्य व्यक्ति)

परिवार प्रमुख (घरमुली) व्यक्ति योग्य हुनेछ।

## आवेदन प्रक्रिया र भुक्तानी विधि

आवेदन निम्न (1) या (2) अनुसार हुनुपर्नेछ।
आधारभूतरूपमा भुक्तानी आवेदकको नाममा रहेको बैंक खातामा हस्तान्तरण गरिनेछ।(आवेदक स्वयंको बैंक खाता हुनुपर्नेछ)

* सङ्क्रमणको प्रसारलाई रोक्ने दृष्टिकोणबाट आवेदन प्रक्रियाको लागि अरू उपाय भए सम्म काउण्टरको प्रयोग नगर्नु हुन अनुरोध गर्दछौ।

(1) हुलाक द्वारा आवेदन

नगरपालिकाबाट लाभार्थीको नाममा पठाइएको आवेदन फाराममा बैंक खाता विवरण भर्नुहोस्, र खाता प्रमाणित गर्ने कागजात र पहिचान प्रमाणीकरण गर्ने कागजातको प्रतिलिपि आवेदन फारमको पछाडि पट्टि टाँसी नगरपालिकामा पठाउनुहोस्।

(2) अनलाइन आवेदन विधि (माई नम्बर कार्ड भएकाहरूको लागि उपलब्ध)

(マイナポータル/mynaportal) वेबसाइट बाट बैंक खाता जानकारीहरू भरि, खाताको पुष्टीकरण कागजात अपलोड गरी अनलाइन द्वारा आवेदन गर्नुहोस् (पहिचान पुष्टीकरण इलेक्ट्रॉनिक हस्ताक्षरद्वारा गरिनेछ, कुनै पहिचान कागजात आवश्यक पर्ने छैन )

## आवेदन स्वीकृति र भुक्तानी सुरु गरिने मिति

प्रत्येक नगरपालिका कार्यालयले आफ्नो निर्णय गर्नेछ (आपतकालिन आर्थिक प्याकेजको उद्देश्यलाई ध्यानमा राख्दै चाँडो भन्दा चाँडो भुक्तानी गरिनेछ)
आवेदन मितिको म्याद हुलाक द्वारा आवेदन पत्र स्वीकार सुरु भएको मिति देखि 3 महिना भित्र रहनेछ।

i

- **भुक्तानीको विशिष्ट प्रक्रियाको लागि,** कृपया आन्तरिक मामिला र सञ्चार मन्त्रालयको वेबसाइटको समीक्षा गर्नुहोस्।
- **सम्पर्क जानकारी**

**कल सेन्टरको पनि व्यवस्था गरिएको छ**

**0120-260020**

**समय: 9:00 ~ 20:00**

# सन् 2020मा बालबालिका हुर्काइ रहेका परिवार का लागि अस्थायी तथा विशेष लाभ रकम

नयाँ कोरोना भाइरसबाट प्रभावित स्थितिमा बालबालिका हुर्काई रहेका परिवार लाई जीविका सहयोग पुऱ्याउने प्रयासको रूपमा, बाल भत्ता (नियमित लाभ) पाइरहेका परिवारलाई अस्थायी विशेष लाभ (एकमुष्ठ रकम) भुक्तान गरिन्छ।

## योग्य व्यक्ति

बाल भत्ता (नियमित लाभ) पाइरहेकाहरूलाई सन् 2020 अप्रिल (मार्च महिना सहित) भुक्तानी गरिनेछ।

*सन् 2020 मार्च वा सो भन्दा अगाडी जन्मिएका बालबालिकाहरू र सन् 2020 मार्च महिनामा च्यू गाकुसेइ रहेका विद्यार्थीहरू (च्यू गाकुसेइ पहिलो वर्ष सहित) समावेश गरिनेछ।

## भुक्तानी रकम

**10 हजार (1 मान) येन** प्रति योग्य बालक

सन् 2020 मार्च 31मा बसोबास गरेको नगरपालिका द्वारा प्रदान गरिनेछ ।

* कोउ कोउ (हाई स्कुल) पहिलो वर्ष का नयाँ विद्यार्थीहरू लाई सन् 2020 फेब्रुअरी 29मा बसोबास गरेको नगरपालिका द्वारा प्रदान गरिनेछ ।

*सन् 2020 अप्रिल 1 पछि बसाइँ सर्नु भएको भए कृपया पुरानो नगरपालिकामा सम्पर्क गर्नुहोला।

## आवेदन प्रक्रिया

सैद्धान्तिक रूपमा, आवेदन आवश्यक छैन।

योग्य व्यक्तिलाई सन् 2020 मार्च 31मा बसोबास गर्नु भएको नगरपालिका द्वारा सूचित गरिनेछ।

*सरकारी कर्मचारी भएमा सम्बन्धित रहेको एजेन्सी द्वारा भुक्तानीको लागि योग्य भएको प्रमाणित गरेपछि आवेदन दिनुहोस्।

i ● सोधपुछ स्थल

• सन् 2020 मार्च 31 तारिखको समयमा (नयाँ मध्यामिक स्तर पहिलो वर्षका विद्यार्थीका सन्दर्भमा सन् 2020 फेब्रुअरी 29 तारिखको समयमा)मा आफू बसोबास गर्ने गाउँपालिका/नगरपालिकाको "बालबालिका हुर्काउने घरपरिवार प्रतिको अस्थायी तथा विशेष लाभ रकम" काउण्टर

• समग्र प्रणाली सम्बन्धमा, **मन्त्रीपरिषद् कार्यालय बालबालिका हुर्काउने घरपरिवार प्रतिको अस्थायी तथा विशेष लाभ रकमको कल सेन्टर**

**0120-271-381**

खुल्ने समय: 9:00 देखि 18:30 (शनि, आइत, बिदाको दिन बाहेक)

# न्यून आय हुने एकल अभिभावकीय घरपरिवार प्रतिको अस्थायी तथा विशेष लाभ रकम

नयाँ कोरोना भाइस सङ्क्रामक रोगको प्रभावले बालबालिका हुर्काउने बढ्दो बोझ र घट्दो आम्दानीलाई सहयोग पुर्याउनको लागि, न्यून आय हुने एकल अभिभावकीय घरपरिवारका महानुभाव प्रति अस्थायी तथा विशेष लाभ रकम भुक्तान गरिनेछ।

## दायरामा पर्ने व्यक्तिहरू

① सन् 2020 जुन महिनाको **बालबच्चा लालनपालन भत्ता भुक्तानी पाउनुहुने महानुभाव**

② सार्वजनिक पेन्सन आदि प्राप्त गरिरहेको र, सन् 2020 जुन महिनाको **बालबच्चा लालनपालन भत्ताको भुक्तानी पूर्ण रूपमा बन्द हुने महानुभाव**

③ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले घरायसी खर्चमा आकस्मिक परिवर्तन आउने जस्तो भएर **आय बालबच्चा लालनपालन भत्ता प्राप्त गरिरहेका महानुभाव सरहकै स्तरमा आइपुगेका महानुभाव**

## भुक्तानी तथा आवेदन

| | | ①को दायरामा पर्ने व्यक्ति | ②को दायरामा पर्ने व्यक्ति | ③को दायरामा पर्ने व्यक्ति |
|---|---|---|---|---|
| आधारभूत लाभ | भुक्तानी राशि | **1 घरपरिवार बराबर 50 हजार येन**<br>* दोस्रो बच्चा देखि 1 जना बराबर **30 हजार येन जोडेर हिसाब** | | |
| | आवदेन | **आवश्यक नपर्ने** | आवश्यक पर्ने | |
| | भुक्तानी समय | **अगष्ट तिर** | **सम्भव भएसम्म चाँडो** | |
| थप लाभ रकम | भुक्तानी राशि | आय न्यून भएको बेलामा **50 हजार येन** | | – |
| | आवदेन | आवश्यक पर्ने<br>(नियमित गरिने यथास्थिति चेकजाँचहरूमा) | आवश्यक पर्ने | |
| | भुक्तानी समय | **सम्भव भएसम्म चाँडो** | | |

***②, ③को दायरामा पर्ने व्यक्तिहरूको आवेदन विधि**

एकल अभिभावकीय घरपरिवार → गाउँपालिका/नगरपालिका

**(1) लाभ रकमको आवेदन प्रक्रिया**

गाउँपालिका/नगरपालिकाको काउण्टरमा सिधै गएर अथवा हुलाकबाट आवेदन फारम र आवश्यक कागजात बुझाउनुहोस्।

गाउँपालिका/नगरपालिका → एकल अभिभावकीय घरपरिवार

**(2) तोकेको बैङ्क खातामा रकमान्तर**

तपाईंले बुझाएको आवेदन फारम हेरी, भुक्तानीका आवश्यक सर्तसँग मेल खान्छ खाँदैन निर्णय गरेर मात्र भुक्तानी गरिनेछ।

i

**【सोधपुछको लागि】**

- आम रूपमा सोधिने प्रश्नको लागि **कल सेन्टरमा** सम्पर्क गर्नुहोस्।

**0120−400−903** (सम्पर्क समय: कार्यालय खुल्ने दिन 9:00 - 18:00)

**【आवेदनको लागि】**

- तपाईंको बसोबास रहेको गाउँपालिका/नगरपालिकाको "एकल अभिभावकीय घरपरिवार प्रति अस्थायी तथा विशेष लाभ रकम" काउण्टरसम्म पाल्नुहोला।

# आपत्कालीन साना कोष/सामान्य समर्थन कोष (जीविका खर्च)

प्रत्येक प्रान्तको समाज कल्याण परिषद्ले नयाँ कोरोना भाइरसको कारण काम बाट निलम्बन वा बेरोजगारीको कारण आफ्नो जीवन व्ययको बारेमा चिन्तित भएका व्यक्तिहरूलाई विशेष ऋण प्रदान गर्दछ।

## आपत्कालीन सानो रकम (जसलाई अस्थायी रकम आवश्यक छ [मुख्य रूपमा जसको व्यापार बन्द भएको छ])

आपतकालिन या जिबिकापर्जनमा अस्थायी कठिनाइ भएको खण्डमा थोरै पैसा ऋण प्रदान गरिनेछ।

**योग्य व्यक्ति** कोरोना भाइरस सङ्क्रामक रोग द्वारा व्यापार प्रभावित भई आय घटेको र जीविका चलाउन तत्काल अस्थायी रूपमा ऋण चाहिने घर परिवारहरूलाई।
* यदि कोरोना भाइरस सङ्क्रामक रोगको कारण आय घटेको छ भने, व्यापार बन्द नभएको खण्डमा पनि योग्य हुनुहुने छ।

| | |
|---|---|
| **अधिकतम ऋण रकम** | बन्द स्कुलहरू वा विशेष केशमा निजी फर्म का मालिकहरूको लागि 2 लाख (20 मान) येन र अन्य केसहरूका लागि 1 लख (10 मान) येन। |
| **डिफरमेन्ट अवधि** | 1 वर्ष भित्र (साउ ब्याज केही पनि बुझाउनु नपर्ने अवधि ) |
| **छुटकाराको म्याद** | 2 वर्ष भित्र |
| **ब्याज/धितो** | ब्याज रहित/अनावस्यक |

## बृहत् समर्थन कोष(जीविकाको लागि आवश्यक भएका 【जागिर गुमाएका इत्यादि कोलागी】)

सामान्य अवस्थामा जीविका गर्ने स्थिति नभए सम्म ऋण उपलब्ध गरिनेछ।

**योग्य व्यक्ति** नयाँ कोरोना भाइरस सङ्क्रमणबाट प्रभावित घर गृहस्थी जसको आय कम भएको छ या रोजगारी गुमेको छ, कारण दैनिक जीविका धान्न गाह्रो भएको छ।
*यदि नयाँ कोरोना भाइरसको कारण आय कम भएको हो भने, बेरोजगार भए पनि योग्य हुनेछ।

| | |
|---|---|
| **ऋण पाउने रकम** | प्रत्येक महिना 2 लाख (20 मान) येन (2 व्यक्ति वा सो भन्दा अधिक)<br>प्रत्येक महिना 1 लख 50 हजार (15 मान) येन (एकल व्यक्ति )(अवधि: 3 महिना भित्र ) |
| **डिफरमेन्ट अवधि** | 1 वर्ष (सावाँ ब्याज केही पनि बुझाउनु नपर्ने अवधि ) |
| **छुटकाराको म्याद** | 10 वर्ष भित्र |
| **ब्याज / धितो** | ब्याज रहित / अनावस्यक |

* 1. यस विशेष प्रबन्ध अन्तर्गत, निवास करबाट छुट पाएका घर गृहस्थीहरूले म्यादमा छुट पाउने छ, जसको कर छुट पाएको समयमा पनि निरन्तर आम्दानी घटिरहेको छ।
* 2. पहिले, आपतकालीन सानो कोषको रूपमा 2 लाख येन ऋण लिन सकिने छ, यदि आयमा कमी जारी रहेमा, 2 व्यक्ति वा सो भन्दा अधिक परिवार भएका घर परिवारले 3 महिना सम्म 2 लाख येन ऋण लिन सक्नेछ (जम्मा गरि 8 लाख (80 मान) सम्म।




i

- सामान्य परामर्शका लागि परामर्श कल सेन्टरमा कल गर्नुहोस्
  0120−46−1999 * 9:00 - 21:00 (शनि/आइत र सार्वजनिक विदामा पनि उपलब्ध छ)
- **दैनिक जीविका टेवा विशेष वेबसाइट (विशेष प्रावधानात्मक ऋण)को लागि** यता
- **तपाईंको क्षेत्रमा रहेको समाज कल्याण परिषद्** वा **श्रमिक सङ्घमा आवेदन दिनुहोस्।**
  * हुलाक मार्फत पनि आवेदन दिन सक्नुहुनेछ।

* प्रान्तहरू र ठुला सहरहरूको समाज कल्याण परिषद्हरूको "लिङ्क" होम पेजमा वा "स्थानीय सरकारको सङ्गठनको सूची"को लिस्टमा पाइने छ। दायाँ तिर रहेको QR कोड बाट खोज्नु होला। यदि फेला नपरेमा इन्टरनेटमा उपलब्ध साइटहरू प्रयोग गरी प्रयास गर्नुहोस्।

# जिजोकु-खा क्यूफुकिन अर्थात् दिगो बनाउने लाभ रकम

विशेष गरी नयाँ कोरोना भाइरस सङ्क्रामक रोगबाट प्रभावित व्यवसायहरूलाई व्यापक लाभ प्रदान गर्नेछौँ जसले गर्दा व्यवसाय निरन्तरतालाई समर्थन होस्  र पुनः सुरुवातको लागि आधारका रूपमा सहयोग होस्।

## योग्य व्यक्ति

◯ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको कारण गएको आर्थिक वर्षको

उही महिनाको तुलनामा **50% या सो भन्दा कम** व्यापार भएका

* 1 अर्ब येन भन्दा बढी पूँजी भएका ठुला उद्योग बाहेकका, **मध्यम स्तरका उद्योग वा साना तथा मझौला उद्योग, साना स्तरका उद्यमी, फ्रीलान्सर सहितका व्यक्तिगत उद्यमीहरू** दायरामा पर्नेछन्। साथै, **चिकित्सा संस्थाहरू, कृषि संस्थाहरू, गैर नाफामूलक (NPO) संस्थाहरू, कम्पनी बाहेकका संस्थाहरू पनि व्यापक रूपमा दायरा**मा पर्नेछन्।

## लाभ रकम

कर्पोरेट व्यवसायका लागि **20 लाख (200 मान) येन**, र एकल व्यवसायका लागि **10 लाख (100 मान) येन**।

(यद्यपि, **गत बर्षको अधिकतम कारोबार भन्दा कमी भएको रकम लागि माथिल्लो सीमा** रहनेछ।)

बिक्रीमा कमी आएको रकमको गणना गर्ने विधि

**गत बर्षको कुल बिक्री (व्यवसाय आय) ー (गत बर्षको सोही महिनाको 50% ले घटेको आय रकम × 12 महिना )**

- माथि उल्लेखित बाहेक, गत वर्षदेखि सुरु गरिएको व्यवसायलाई पनि ध्यानमा पुर्‍याइने छ।

i जिजोकु-खा क्यूफुकिन अर्थात् दिगो बनाउने लाभ रकम कार्यालयको कल सेन्टर

डाइरेक्ट लाइन： 0120−115−570　IP टेलिफोनको लाइन: 03 - 6831 - 0613

खुल्ने समय: 8:30 - 19:00

* जुन महिनामा (हरेक दिन), जुलाई देखि डिसेम्बर (शनिवार बाहेकका दिन)

https://www.meti.go.jp/covid-19/pdf/kyufukin.pdf

**【आवेदन साइट】**

"जिजोकु-खा क्यूफुकिन अर्थात् दिगो बनाउने लाभ रकम" सचिवालयको वेबसाइट

https://www.jizokuka-kyufu.jp

**【आवेदन दिँदाका आवश्यकताहरू, धेरै गरिने सोधपुछहरू】**

माथि उल्लेखित सचिवालयको HP अथवा, अर्थ व्यापार तथा उद्योग मन्त्रालयको HPमा हेर्न सक्नुहुनेछ।

अर्थ, व्यापार तथा उद्योग मन्त्रालयको HP (जिजोकु-खा क्यूफुकिन अर्थात् दिगो बनाउने लाभ रकम)

https://www.meti.go.jp/covid-19/jizokuka-kyufukin.html

# घरभाडा टेवा लाभ रकम

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको कारणले मे महिनामा आपतकाल घोषणा लम्बिन गई, घट्दो सेल्सको सामना गर्नु परेका उद्यमीहरूको व्यवसाय निरन्तरतालाई टेवा दिनको लागि, जग्गाभाडा वा घरभाडा (भाडा रकम)को बोझ कम गर्ने उद्देश्य स्वरूप, भाडामा बस्ने उद्यमी प्रति "घरभाडा टेवा लाभ रकम" भुक्तानी गरिनेछ।

## भुक्तानको दायरामा पर्ने व्यक्तिहरू

**भाडामा बस्ने उद्यमीहरू** मध्ये, मध्यम स्तरका, साना तथा मझौला उद्योगका, साना स्तरका, व्यक्तिगत स्तरका उद्यमीहरू, जो **मे महिना देखि डिसेम्बर महिना** सम्ममा निम्न मध्ये कुनै एक सँग मेल खान्छन् भने, त्यसता व्यक्तिलाई लाभ रकम भुक्तान गरिनेछ।

① कुनै **1 महिना**को जम्मा सेल्स गत वर्षको सोही महिनासँगको तुलनामा **50% वा सो भन्दा बढी** घटेको

② लगातार **3 महिना**को जम्मा सेल्ल गत वर्षको सोही अवधिसँगको तुलनामा **30% वा सो भन्दा बढी** घटेको

## लाभ राशि तथा लाभ दर

आवेदन दिँदा तिरेको पछिल्लो भाडा (मासिक राशि) लाई आधार मानेर हिसाब गरिने लाभ राशि (मासिक राशि)को आधारमा, **6 महिने** हिस्साको लाभ राशि बराबरको राशि भुक्तानी दिइनेछ।




**⇒संस्था**लाई **बढीमा 60 लाख येन**




**⇒व्यक्तिगत उद्यमी**लाई **बढीमा 30 लाख येन**

i

**सोधपुछको लागि "घरभाडा सहयोग लाभ कल सेन्टर"**

टेलिफोन नम्बर: 0120-653-930

खुल्ने समय: 8:30 - 19:00 (कार्यालय खुल्ने दिन; शनि, आइत र सार्वजनिक बिदाको दिन)

**घरभाडा सहयोग लाभ सम्बन्धी सूचनाको लागि अर्थ, व्यापार तथा उद्योग मन्त्रालयको HPमा हेर्नसक्नुहुनेछ।**

https://www.meti.go.jp/covid-19/yachin-kyufu/index.html

# जापान फाइनान्स कर्पोरेसन एवम् ओकिनावा डेभ्लप्मेन्ट फाइनान्स कर्पोरेसनले प्रदान गर्ने नयाँ कोरोना भाइरस सङ्क्रामक रोग विशेष ऋणहरू

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले व्यवसायीकता बिग्रिएका फ्रीलान्सर लगायत व्यक्तिगत उद्यमीहरूलाई वास्तविक रूपमा बिना ब्याजी, बिना धितो कर्जा प्रदान गरिनेछ।

"नयाँ कोरोना भाइरस सङ्क्रामक रोग विशेष ऋण" तथा "ब्याज परिपूर्ति सम्बन्धी विशेष प्रणाली" लाई संयुक्त रूपमा प्रयोग गर्दा, वास्तविक बिना ब्याजीकरणलाई यथार्थमा परिणत गर्न सकेर, पुँजी परिचालन सम्बन्धी टेवा प्रदान गर्न सक्ने भएका छौँ।

जुलाई महिना देखि संस्थागत कर्जाको सीमा रकम र ब्याज कटौतीको सीमा रकम बृद्धि गरिनेछ।

## नयाँ कोरोना भाइरस सङ्क्रामक रोग विशेष ऋण

▶ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, अस्थायी रूपमा व्यवसाय खस्किएका (पछिल्लो 1 महिनाको जम्मा सेल्स रकम, गत वर्ष वा त्यो भन्दा पहिलेको वर्षको सोही अवधिसँगको तुलनामा 5% वा सो भन्दा बढी घटेको) उद्यमीहरू (व्यवसायीकता भएका फ्रीलान्सर समेत) लाई उनीहरूको विश्वसनीयता, धितो आदिको वास्ता नगरि समान ब्याज दर तोकेर संस्थागत कर्जा लिएको 3 वर्ष सम्म 0.9% ब्याज दर कटौती लागु गरिनेछ।

* व्यक्तिगत उद्यमी (व्यवसायीकता भएका फ्रीलान्सर समेत, साना स्तरकालाई मात्र)ले आफूलाई परेको प्रभावबाट अगाडि बढ्ने स्पष्ट उद्देश्य देखाउन सके मात्रै पनि लचिलो भएर सेवा प्रदान गर्ने तत्परता देखाउने छौँ।

**पुँजीको उपयोग** | चालु पुँजी, उपकरण विकास पुँजी **धितो** | बिना धितो

**ऋण अवधि** | उपकरण विकास 20 वर्ष भित्र, चालु 15 वर्ष भित्र **जसमा डेफरमेन्ट (ब्याज मात्र तिरे पुग्ने) अवधि** | 5 वर्ष भित्र

**संस्थागत कर्जा सीमा रकम (भिन्न परिधिमा)** | साना तथा मझौला उद्योग परियोजना; स्योउकोउ च्युउकिन 60 करोड येन (बढाउनु अगाडि 30 करोड येन)
नागरिक जीविका परियोजना 8 करोड येन (बढाउनु अघि 6 करोड येन)

**ब्याज दर** | पहिलो तीन वर्ष आधारभूत ब्याज दर▲0.9%, चौथो वर्ष देखि आधारभूत ब्याज दर
(ब्याज कटौती सीमा रकम:साना तथा मझौला उद्योग परियोजना; स्योउकोउ च्युउकिन् 20 करोड येन (बढाउनु अघि 10 करोड येन)
नागरिक जीविका परियोजना 4 करोड येन (बढाउनु अघि 3 करोड येन) )

i

● **कार्यालय खुल्ने दिनको परामर्श**

जापान फाइनान्स कर्पोरेसन परियोजना पुँजी परामर्शको डायल: 0120-154-505 स्योउकोउ च्युउकिन परामर्श काउण्टर: 0120-542-711
ओकिनावा डेभ्लप्मेन्ट फाइनान्स कर्पोरेसन परियोजना पुँजी परामर्शको डायल: 0120-981-827

● **शनि, आइत र सार्वजनिक बिदाको परामर्श**

जापान फाइनान्स कर्पोरेसन: 0120-112476 (नागरिक जीविका परियोजना), 0120-327790 (साना तथा मझौला उद्योग व्यवसाय)
ओकिनावा डेभ्लप्मेन्ट फाइनान्स कर्पोरेसन: 0120-981-827 स्योउकोउ च्युउकिन परामर्श काउण्टर: 0120-542-711

## ब्याज परिपूर्ति सम्बन्धी विशेष प्रणाली

i **आवेदन लिन अझै सुरु गरिएको छैन।** भुक्तानीका आवश्यक सर्तहरू या आवेदन प्रक्रियाहरू सम्बन्धमा पनि, विस्तृत जानकारी निश्चय हुनासाथै सकेसम्म चाँडै घोषणा गरिनेछ।

▶ जापान फाइनान्स कर्पोरेसन आदिबाट "नयाँ कोरोना भाइरस सङ्क्रामक रोग विशेष ऋण" मार्फत ऋण लिने व्यक्तिगत उद्यमी (व्यवसायीकता भएका फ्रीलान्सर सहित)हरूको प्रति, ब्याज परिपूर्ति गरेर पुँजी परिचालनमा टेवा प्रदान गर्नेछौँ।

**ब्याज परिपूर्ति अवधि** | ऋण लिएपछिको पहिलो 3 वर्ष

**ब्याज परिपूर्तिको अधिकतम सीमा** | साना तथा मझौला उद्योग परियोजना, स्योउकोउ च्युउकिन 20 करोड येन, नागरिक जीविका परियोजना 4 करोड येन

i

● **साना तथा मझौला उद्योग वित्तीय परामर्श काउण्टर**

0570-783183 (कार्यालय खुल्ने दिन बिदाको दिन 9:00 - 19:00)

# निजी वित्तीय संस्थाले दिने वास्तविक बिना ब्याजी, बिना धितो कर्जा

प्रान्त अनुरूपको प्रणाली दिइने कर्जाको उपयोग गरेर, निजी वित्तीय संस्थालाई पनि वास्तविक रूपमा बिना ब्याजी*, बिना धितो, बढीमा 5 वर्षको डेफरमेन्ट अवधि सहितको संस्थागत कर्जा विस्तार गरिने। सँगसँगै क्रेडिट ग्यारेन्टीको ग्यारेन्टी शुल्कलाई आधा वा शुन्यमा झार्ने।

हरेक गाउँपालिका/नगरपालिकाको तयारी पूरा हुनासाथ संस्थागत कर्जाको अधिकतम सीमा राशि बढाइनेछ।

* केही प्रान्तहरूमा, पहिले उद्यमीहरूलाई ब्याज रकम भुक्तानी गर्न लगाएर, त्यस पश्चात् भुक्तानी गर्नुभएको ब्याजको हिस्सा उद्यमीहरूलाई नै फिर्ता दिने गरेर, बेहोर्नु पर्ने ब्याज वास्तविक रूपमा बिना ब्याजी हुने पहल गरिएको छ।

## निजी वित्तीय संस्थाले दिने वास्तविक बिना ब्याजी, बिना धितो कर्जा

**【दायरामा पर्नका आवश्यक सर्तहरू】**

राष्ट्रले अनुदान दिई प्रान्तहरूबाट प्राप्त हुने संस्थागत कर्जामा, सेफ्टिनेट ग्यारेन्टी नं.4, नं.5को सङ्कट सम्बन्धी ग्यारेन्टीहरू मध्ये कुनै एक प्रयोग गरेको अवस्थामा, निम्न आवश्यक सर्तहरू पूरा गरेमा, ग्यारेन्टी शुल्क र ब्याजमा छुट दिइनेछ।

*पुँजी परिचालन गरी हाल्नु पर्ने जरुरी छ भने, सर्वप्रथम निजी वित्तीय संस्थाबाट थप कर्जा प्राप्त गरेर, यस थप कर्जालाई वास्तविक ब्याज-मुक्त कर्जामा सट्टापट्टा गर्न मिल्ने अवस्था हुन सक्छ। विस्तृत जानकारीको लागि सम्बन्धित वित्तीय संस्थासँग परामर्श गर्नुहोस्।

| | जम्मा सेल्स ▲5% | जम्मा सेल्स ▲15% |
|---|---|---|
| व्यक्तिगत उद्यमी (व्यवसायीकता भएका फ्रीलान्सर समेत, साना स्तरका मात्र) | ग्यारेन्टी शुल्क शुन्य, ब्याज दर शुन्य | |
| साना तथा मझौला वर्गका उद्यमी (माथि उल्लेखित बाहेक) | ग्यारेन्टी शुल्क आधा | ग्यारेन्टी शुल्क शुन्य, ब्याज दर शुन्य |

**【संस्थागत कर्जाको अधिकतम सीमा राशि】** 4 करोड येन (बढाउनु अघि 3 करोड येन)

* सर्तहरू परिवर्तन सँगै उत्पन्न हुने थप ग्यारेन्टी शुल्क भने, उद्यमी आफैँले बेहोर्नु पर्ने हुन्छ।

**【परिपूर्ति अवधि】** ग्यारेन्टी शुल्क चाहिँ सम्पूर्ण संस्थागत कर्जा अवधि, ब्याज अनुदान भने पहिलो 3 वर्ष

**【संस्थागत कर्जा अवधि】** 10 वर्ष भित्र **【त्यस मध्ये डेफरमेन्ट अवधि】** बढीमा 5 वर्ष

**【धितो】** बिना धितो

**【ग्यारेन्टर】** रिप्रिजेन्टेटिभ डाइरेक्टरले एक निश्चित आवश्यक सर्त (① संस्था वा व्यक्तिगत छुट्याइएको, ② पुँजी-सम्पत्तिमा प्रचुरता भएको) पूरा गरेमा ग्यारेन्टर नचाहिने (सिद्धान्ततः रिप्रिजेन्टेटिभ डाइरेक्टर बाहेकका अन्य जमानी बस्ने ग्यारेन्टर नचाहिने)

**【पुरानो ऋणको रूपान्तरण】**

क्रेडिट ग्यारेन्टर भएको पुरानो ऋणीले पनि दायरामा पर्ने आवश्यक सर्तहरू पूरा गरेमा, संस्थागत कर्जा उपयोग गरेको वास्तविक ब्याज-मुक्त संस्थागत कर्जा तर्फ रूपान्तरण गर्न सकिने।

i

● **【सोधपुछ स्थल】**

साना तथा मझौला उद्योग वित्तीय परामर्श काउन्टर 0570−783183

* कार्यालय खुल्ने दिन, शनि, आइत, सार्वजनिक बिदाको दिन 9:00 - 19:00

* वास्तविक संस्थागत कर्जाको परामर्श तथा आवेदनको लागि, कारोबार भएको अथवा नजिकैको वित्तीय संस्थामा परामर्श गर्नुहोला।

# सामाजिक बिमा (स्याखाई होकेन)को भुक्तान स्थगित गर्नु (1)

## कर्मचारी पेन्सन बिमा शुल्क आदिको स्थगन प्रणालीको विशेष प्रावधान

यसपालिको नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, व्यवसायबाट हुने आम्दानीमा उल्लेखनीय गिरावट आएका उद्यम मालिकहरूको लागि, आवेदन दिएमा, कर्मचारी पेन्सन बिमा शुल्क तथा श्रम बिमा शुल्कहरू चुक्ता गर्नुपर्नेलाई विशेष प्रावधान लागु गरेर, 1 वर्षको लागि स्थगन गर्न मिल्ने भएको छ।

**【दायरामा पर्ने व्यक्तिहरू】**

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, सन् 2020 फेब्रुअरी पछिको कुनैपनि अवधि (1 महिना वा सो भन्दा बढी) मा, **व्यवसायबाट हुने आम्दानी गत वर्षको सोही अवधिसँगको तुलनामा लगभग 20% वा सो भन्दा बढी गिरावट आएर,** एकै पटकमा भुक्तानी गर्न समस्या परेका उद्यम मालिक

**【अन्तर्वस्तु】**

**कर्मचारी पेन्सन बिमा शुल्क आदिको भुक्तानी 1 वर्षको लागि स्थगन**

**धितो पेस गर्नुनपर्ने। जरीवाना रकम मिनाहा**

* सन् 2020 फेब्रुअरी 1 तारिख देखि 2021 फेब्रुअरी 1 तारिख सम्म चुक्ता म्याद पुग्ने कर्मचारी पेन्सन बिमा शुल्कहरू दायरामा पर्ने।

चुक्ता स्थगन प्रणालीको विशेष प्रावधान उपयोग गर्नको लागि, पेन्सन कार्यालयमा आवेदन फारम बझाउन आवश्यक हुनेछ। विस्तृत जानकारीको लागि नजिकैको पेन्सन कार्यालयमा परामर्श गर्नुहोला। चुक्ता स्थगन प्रणाली सम्बन्धी आम रूपमा सोधिने प्रश्नको लागि, कर्मचारी पेन्सन बिमा शुल्क चुक्ता स्थगन परामर्श काउण्टरले समेत उत्तर दिने गरेको छ।

साथै, आवेदन फारम जापान पेन्सन संगठन (Japan Pension Service)को वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

* स्वास्थ्य बिमा शुल्क सम्बन्धी सोधपुछको लागि, क्योउखाइ केन्पो भनिने नागरिक स्वास्थ्य बिमा सङ्गठनको सदस्यले पेन्सन कार्यालयमा, केन्कोउ होकेन् कुमिआइ भनिने स्वास्थ्य बिमा महासंघको सदस्यले महासंघमै सम्पर्क गर्नुपर्ने छ।

* श्रम बिमा शुल्क सम्बन्धी सोधपुछको लागि सम्बन्धित प्रान्तको श्रम ब्युरोमा सम्पर्क गर्नुपर्ने छ।

चुक्ता स्थगन स्वीकृत भयो भने, **"चुक्ता स्थगन (विशेष प्रावधान) अनुमति सूचना पत्र" पठाइने छ।**
यस **"चुक्ता स्थगन (विशेष प्रावधान) अनुमति सूचना पत्र"मा "नयाँ कोरोना अस्थायी विशेष प्रावधान ऐनको दफा 3 अनुसार चुक्ता स्थगन लागु" गरिएको व्यहोरा लेखिएको** हुनेछ।

* चुक्ता स्थगन अवधिभर क्षेत्राधिकार रहेको पेन्सन कार्यालयबाट "चुक्ता पुष्टि पत्र" प्राप्त भएको खण्डमा "नयाँ कोरोना अस्थायी विशेष प्रावधान ऐनको दफा 3 अनुसार चुक्ता स्थगन लागु" गरिएको व्यहोरा लेखिएको हुनेछ।

* नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, कर्मचारी पेन्सन बिमा शुल्क आदि एकै पटकमा चुक्ता गर्न समस्या हुने अवस्थामा, माथि उल्लेखित चुक्ता स्थगन विशेष प्रावधानका अलावा, किस्तामा चुक्ता गर्ने व्यवस्था ("लिलामी स्थगन" तथा "चुक्ता स्थगन") उपयोग गर्न सकिने अवस्था हुने भएकोले, माथि उल्लेखित सम्पर्क स्थलमा परामर्श गर्नुहोला।

i ● **सम्पर्क स्थल**

नजिकैको पेन्सन कार्यालय (तलको URL अथवा दाँयाको QR कोड)
https://www.nenkin.go.jp/section/soudan/index.html

कर्मचारी पेन्सन बिमा शुल्क चुक्ता स्थगन परामर्श काउण्टर (तलको URL)
https://www.nenkin.go.jp/oshirase/taisetu/2020/202004/20200422.html

# सामाजिक बिमा (स्याखाई होकेन)को भुक्तान स्थगित गर्नु(2)

## 75 बर्ष वा माथि उमेरकालाई लाई, नागरिक स्वास्थ्य बिमा, नागरिक पेन्सन, चिकित्सा बीमा प्रणाली र नर्सिंग हेरचाह बिमा शुल्क (कर) कटौती वा भुक्तानीमा छुट।

नयाँ कोरोना भाइरस सङ्क्रमणको प्रभाव बाट आयमा कमी आएका व्यक्तिहरू लाई नागरिक स्वास्थ्य बिमा, नागरिक पेन्सन, चिकित्सा प्रणाली र नर्सिङ बिमाको शुल्क (कर)को कटौती या छुट स्वीकार्य हुन सक्छ। विस्तृत विवरणको लागि, पेन्सन कार्यालय वा नागरिक स्वास्थ्य बिमा संघमा सम्पर्क

i

● **सम्पर्क जानकारी**

○ नागरिक स्वास्थ्य बिमा शुल्क (कर)को लागी

⇒ नगरपालिकाको नागरिक स्वास्थ्य बिमा शाखा

(यदि स्वास्थ्य बिमा सङ्घ(Health Insurance Society)मा आबद्ध हुनुहुन्छ भने, सम्बन्धित संस्थामा सम्पर्क गर्नुहोला)

○ वृद्धहरूको चिकित्सा प्रणाली बिमा शुल्कको लागी

⇒ नगरपालिकाको वृद्धहरूका लागि चिकित्सा प्रणाली शाखा

○ नर्सिङ बिमाको लागी

⇒नगरपालिकाको नर्सिङ बिमा शाखा

○ नागरिक पेन्सन किस्ताको लागी

⇒ नगरपालिकाको नागरिक पेन्सन शाखा, वा पेन्सन कार्यालय।

## नागरिक पेन्सन बिमा शुल्क मिनाहाको विशेष प्रावधान

यस पालिको नयाँ कोरोना भाइरस सड्क्रामक रोगको प्रभावले, आम्दानी घटेका व्यक्तिहरूको लागि, नागरिक पेन्सन बिमा शुल्क मिनाहा गर्न मिल्नेछ।

**【दायरामा पर्ने व्यक्तिहरू】** नयाँ कोरोना भाइरस सड्क्रामक रोगको प्रभावले, सन् 2020 साल फेब्रुअरी आम्दानीमा कमी आई, धैरै हदसम्म आय घटेका व्यक्ति

**【विवरण】** व्यक्तिगत रूपमा चुक्ता गर्ने नागरिक पेन्सन बिमा शुल्कको सम्पूर्ण वा आशिंक राशि मिनाहा या चुक्ता स्थगन प्रदान।

**【आवेदन विधि】** आवेदन कागजात सम्बन्धित गाउँपालिका/नगरपालिकाको नागरिक पेन्सन इन्चार्जको काउण्टरमा पेस।

* जापान पेन्सन संगठनको वेबसाइटबाट आवेदन कागजातलाई डाउनलोड गर्न सकिनेछ।

* नयाँ कोरोना भाइरस सड्क्रामक रोगको संक्रमण रोकथामको दृष्टिकोणबाट, कागजात पेस गर्न अवश्य पनि हुलाकको उपयोग गर्नुहोला।

**【आवेदन लिन सुरु हुने मिति】** **सन् 2020 मे 1 तारिख**

i

● **सोधपछ स्थल**

- Japan Pension Service "नेन्किन खान्युस्या डायल" भनिने सदस्य निमित्तको फोन नम्बर प्रयोग गर्नुहोला।

  TEL: 0570-003-004 * 050 बाट सुरुहुने टेलिफोनबाट फोन गर्दा 03-6630-2525 मा

- सम्बन्धित गाउँपालिका/नगरपालिकाको नागरिक पेन्सन इन्चार्ज शाखा अथवा पेन्सन कार्यालय प्रयोग गर्नुहोस्।

# सामाजिक बिमा (स्याखाई होकेन)को भुक्तान स्थगित गर्नु (3)

## राष्ट्रिय कर भुक्तान स्थगित गर्ने प्रणाली

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको कारणले राष्ट्रिय कर तिर्न कठिनाइ भएमा, कर अधिकारी द्वारा कर तिर्न पर्याप्त पैसा आर्जन गरुन्जेल कुर्ने अनुमति पाउनुहुनेछ। यसको लागि कर कार्यालयमा आवेदन दिनुहोस्, साथै निम्न उल्लेखित मध्ये एक मेल खाएमा पनि आवेदन स्वीकृत हुनेछ। पहिला कर कार्यालयमा फोन गर्नुहोस्, त्यसपछि कर कार्यालयले तपाईँको आवेदन सके सम्म छिटो जाँच् गर्नेछ। सर्वप्रथम टेलिफोनबाट राष्ट्रिय कर ब्युरो चुक्ता स्थगन परामर्श केन्द्रमा परामर्श गर्नुहोला।

◯ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, सन् 2020 साल फेब्रुअरी पछिको कुनै पनि अवधि (1 महिना वा सो भन्दा बढी) मा, व्यवसायबाट आउने आम्दानी गत वर्षको सोही अवधिको तुलनामा लगभग 20% भन्दा बढी घटेको

साथै, निम्न अनुसारको व्यक्तिगत समस्याहरू छ भनेपनि परामर्शको बेलामा भन्नुहोला।

◯ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले सम्पत्तीमा हदैसम्मको क्षती भएको

◯ सम्बन्धित व्यक्ति आफैँ वा परिवारलाई रोग लागेको

यदि भुक्तान स्थगित स्वीकार गरिएमा

- ◆ सिद्धान्ततः 1 वर्षको कर चुक्ता स्थगन गरिनेछ।
- ◆ स्थगित अवधि भरि तिर्न ढिला भएको कर घटाइनेछ वा छुट गर्न सकिन्छ।
- ◆ सम्पत्तिको जफत या बिक्री स्थगित गरिनेछ।

i

● **सम्पर्क जानकारी**

राष्ट्रिय कर एजेन्सी (तल दिइएको URL वा दायाँको QR कोड प्रयोग गर्नुहोला )

https://www.nta.go.jp/taxes/nozei/nofu_konnan.htm

## स्थानीय कर भुक्तान स्थगित गर्नु

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले स्थानीय कर एकै पटकमा चुक्ता गर्न समस्या हुने अवस्थामा, स्थानीय समूहमा आवेदन दिएमा, कर कटौती स्थगनलाई मान्यता दिइने हुनसक्छ। साथै, निम्न परिस्थितिहरू भएको अवस्थामा कर कटौती स्थगनको विशेष प्रावधानलाई मान्यता दिइने हुनसक्छ। सर्वप्रथम टेलिफोनबाट भुक्तानी गर्ने स्थानीय समूह सँग परामर्श गर्नुहोला।

◯ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, सन् 2020 साल फेब्रुअरी पछिको कुनै पनि अवधि (1 महिना वा सो भन्दा बढी) मा, व्यवसायबाट आउने आम्दानी गत वर्षको सोही अवधिको तुलनामा लगभग 20% भन्दा बढी घटेको

साथै, निम्न अनुसारको व्यक्तिगत समस्याहरू छ भनेपनि परामर्शको बेलामा भन्नुहोला।

◯ नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले सम्पत्तीमा हदैसम्मको क्षती भएको

◯ सम्बन्धित व्यक्ति आफैँ वा परिवारलाई रोग लागेको

यदि भुक्तान स्थगित स्वीकार गरिएमा

- ◆ सिद्धान्ततः 1 वर्षको कर चुक्ता स्थगन गरिनेछ।
- ◆ स्थगित अवधि भरि तिर्न ढिला भएको कर घटाइनेछ वा छुट गर्न सकिन्छ।
- ◆ सम्पत्तिको जफत या बिक्री स्थगित गरिनेछ।

i

● **सम्पर्क जानकारी**

कर सङ्कलन स्थगित गर्ने प्रक्रियाको बारेमा अधिक विवरण वा सोधपुछको लागि कृपया तपाईँको प्रान्तको सरकारी कार्यालय /नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहोला ।

# सामाजिक बिमा (स्याखाई होकेन)को भुक्तान स्थगित गर्नु (4)

## बिजुली, ग्याँस, टेलिफोन, NHK टि.भी. महसुलहरूको भुक्तानी स्थगन

व्यक्ति वा कम्पनी जो कोहीलाई पनि नयाँ कोरोना भाइरस रोगको कारण, बिजुली, ग्याँस, टेलिफोन वा NHK टि.भी. महसुलहरू (*1) तिर्न कठिनाइ भएमा, उक्त अवस्थालाई मध्यनजर गरी, महसुल भुक्तानी स्थगन वा बक्यौता बाँकी रहेको कारणले आपूर्ति बन्द नगर्न वा लचकता अपनाउनको लागि आपूर्तिकर्तालाई अनुरोध गरेका छौं(*2)।

(*1) NHK टि.भी. महसुलको हकमा, आय अनुसारको मिनाहा दिने गरिएको छ।

(*2) यस बाहेक खानेपानी ढल एवम् सार्वजनिक आवासको भाडा भुक्तानी गर्न कठिनाइ भएका व्यक्ति प्रति, उक्त अवस्थालाई मध्यनजर गरेर, भुक्तानी स्थगन आदि, छिटो तथा लचिलो तवरले व्यवहार गर्नु भनी आपूर्तिकर्ता समक्ष माग गरिएको छ।

i

- सोधपछ स्थल

बिजुली, ग्याँस, टेलिफोन शुल्क, NHK टि.भी. महसुल तिर्न अपठ्यारो भएका महानुभावले, सर्वप्रथम आफूले सम्झौता गरेको व्यवसायीसँग परामर्श गर्नुहुन अनुरोध छ।

बिजुली शुल्कलाई समर्थन गर्ने कम्पनीहरूको सुची (अपेक्षित सहित)
https://www.enecho.meti.go.jp/coronavirus/pdf/list_electric.pdf

ग्याँस शुल्कलाई समर्थन गर्ने कम्पनीहरूको सुची (अपेक्षित सहित)
https://www.enecho.meti.go.jp/coronavirus/pdf/list_gas.pdf

टेलिफोन शुल्क सम्बन्धी सेवा प्रदान दिने कम्पनीहरूको सूची (अपेक्षित सहित)
https://www.soumu.go.jp/main_content/000682993.pdf

NHK टि.भी. महसुल सम्बन्धी परामर्श काउण्टर
https://pid.nhk.or.jp/jushinryo/corona_jushinryo.html

NHK टि.भी. महसुलको मिनाहाको बारेमा
https://pid.nhk.or.jp/jushinryo/corona_jigyousyo_tasuu.html

# कर्मचारी पेन्सन बिमा शुल्क आदिको मानक मासिक पारिश्रमिक राशिको विशेष प्रावधान संशोधन

## कर्मचारी पेन्सन बिमा शुल्क आदिको मानक मासिक पारिश्रमिक राशिको विशेष प्रावधान संशोधनको बारेमा

यसपालिको नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले काम-बिश्राम-बिदा लिएका र **काम-बिश्राम-बिदा बसेको कारणले पारिश्रमिकमा उल्लेखनीय गिरावट आएका व्यक्तिहरूले,** एक निश्चित सर्तहरू पूरा गरेमा, स्वास्थ्य बिमा, कर्मचारी पेन्सन बिमा शुल्कको मानक हुने मासिक पारिश्रमिक राशिलाई समय-समयमा गरिने नियमित संशोधनको (चौथो महिनाको संशोधन) मतलब नगरि, **विशेष प्रावधान स्वरूप आउँदो महिना देखिनै संशोधन गर्न मिल्ने** भएको छ।

### 【दायरामा पर्ने व्यक्ति】

**निम्न (1) देखि (3)को सबैसँग मेल खाने व्यक्ति दायरामा पर्नेछ।**

(1) **नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले काम काम-बिश्राम-बिदा** (घण्टे एकाइका समेत) भएको कारणले गर्दा, **सन् 2020को अप्रिल देखि जुलाई महिना सम्मको अवधिमा, पारिश्रमिक उल्लेखनीय रूपमा घटेको महिना भएका व्यक्ति**

(2) **उल्लेखनीय रूपमा पारिश्रमिक घटेको महिनामा प्राप्त भएको समग्र पारिश्रमिक रकम (1 महिनाको हिस्सा)** पूर्वनिर्धारित मानक मासिक पारिश्रमिकको तुलनामा **2 ग्रेड भन्दा बढी घटेको व्यक्ति**

* निश्चित तलब (आधारभूत तलब, दैनिक तलब, आदिको एकाइ)मा परिवर्तन नआएको अवस्थामा पनि दायरामा पर्नेछ।

(3) यस विशेष प्रबन्ध अनुसार **संशोधित अन्तर्वस्तुमा मूल व्यक्ति स्वयं लिखित रूपमा मुञ्जुरी** जनाएको

* बिमित आफैंले पर्याप्त मात्रामा बुझेको आधारमा अग्रीम रूपमा मञ्जुरी जनाएको आवश्यक हुनेछ।
(संशोधन पछिको मानक मासिक पारिश्रमिकको आधारमा रही, चोटपकट वा बिरामी भत्ता रकम, सुत्केरी भत्ता तथा पेन्सन रकमको हिसाब गरिने कुराको मञ्जुरी समेत)

* यस विशेष प्रबन्धको लागि, एउटै बिमित व्यक्तिले धेरै पटक आवेदन दिन मिल्ने छैन।

### 【दायरामा पर्ने बिमा शुल्क】

सन् 2020 अप्रिल देखि जुलाई सम्मको अवधिमा काम-बिश्राम-बिदा भएर पारिश्रमिक ह्वात्तै घटेको अवस्थामा, त्यसको अर्को महिनाको **सन् 2020 मे देखि अगष्टसम्मको बिमा शुल्क दायरामा** पर्नेछ।

* सन् 2021 जनवरीको मसान्त सम्ममा आएको निवेदन दायरामा पर्नेछ। त्यति बेला सम्मको अवधिमा पछाडि फर्केर आवेदन दिन मिल्छ तर, तलबी कार्यको जटिलता या वर्षको अन्त्यमा गरिने कर समायोजन आदिमा पर्ने प्रभाव न्यूनिकरण गर्नको लागि, संशोधन गर्न खोजेको अवस्थामा सकेसम्म छिटो आवेदन बुझाउन हुन अनुरोध गर्दछौं।

### 【आवेदन प्रक्रियाको बारेमा】

**मासिक रकम परिवर्तन गर्ने निवेदन (विशेष प्रावधानात्मक संशोधनको लागि) सँगै याचिका पत्र साथमा राखेर क्षेत्राधिकारको पेन्सन कार्यालयमा आवेदन** बुझाउनुहोस्।

* क्षेत्राधिकारको पेन्सन कार्यालयमा हुलाकबाट पठाउनुहोस्। (काउण्टरमै आएर बुझाउन पनि सकिनेछ।)

* निवेदन पत्र एवम् याचिका पत्रहरू जापान पेन्सन संगठनको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

* स्वास्थ्य बिमा महासंघको सदस्य भएको अवस्थाको स्वास्थ्य बिमा शुल्कको मानक मासिक पारिश्रमिकको विशेष प्रावधानात्मक संशोधनको आवेदन स्थल, महासंघ नै हुनेछ।

### i ● सोधपछ स्थल

**नेन्किन खान्युस्या डायल**

**0570-007-123** (नेभिगेसन डायल)
**03-6837-2913** (050 बाट सुरुहुने टेलिफोनबाट फोन गर्दा)
खुल्ने समय： सोम - शुक्रवार: बिहान 8:30 - बेलुकी 7:00 दोस्रो शनिवार: बिहान 9:30 - अपराह्न 4:00

**विस्तृत जानकारीको लागि, निम्न सर्च गर्नुहोस् अथवा दाँयाको QR कोड मार्फत हेर्नुहोस्।**

पेन्सन संगठन विशेष प्रावधानात्मक संशोधन | सर्च

https://www.nenkin.go.jp/tokusetsu/tokureikaitei.html

# सुरक्षित आवास लाभहरू (भाडा शुल्क)

नोबेल कोरोना भाइरस महामारी को वर्तमान अवस्थामा, व्यापार बन्द भई आम्दानी मा कमी आएका वा उस्तै प्रभाव मा परि बन्द हुने या काम गुमाउने स्थिति मा पुगी वासस्थान गुमाउने जोखिम मा पुगेका लाइ निश्चित अवधिको लागि भाडा भुक्तान शुल्क लाभ प्रदान गरिनेछ।

## आवास लाभहरू

### भुक्तानी गर्ने लक्ष्य (वर्तमानमा)

- विगत २ वर्षको अवधिमा रोजगार गुमाएका वा व्यवसाय बन्द भएकाहरू।

### विस्तार मा व्याख्या

- बायाँ पट्टि उल्लेखित स्थितिको विस्तार मा व्याख्या।
- तलबमा कमी आउनु मा तपाईँको कुनै व्यक्तिगत कारण या गल्ती छैन,यद्यपि तपाईँरोजगार या व्यवसाय गुमाउने स्थितिमा हुनुहुन्छ।

**दायरामा पर्ने व्यक्तिहरू**२ बर्ष भित्र रोजगार वा व्यवसाय बन्द भएका या आम्दानी घटेर रोजगारी वा व्यवसाय बन्द हुने स्थिति मा रहेका व्यक्ति।

**भुक्तानी अवधि** मूल रूपमा ३ महिनाको लागि (३ महिना बढाउन मिल्ने र यदि तपाईँलगनशीलताका साथ काम खोज्नु हुन्छ भने (बदी मा ९ महिना सम्म)।

**भुक्तानी राशि** (टोक्यो विशेष वार्ड मा बसोबास गर्नेहरूका लागि लगभग ) परिवार मा १ जना भए : ५३ हजार ७०० (५ मान ३ हजार ७ सय ) येन , २ जना भए : ६४ हजार (६ मान ४ हजार ) येन र ३ जना भए: ६९ हजार ८ सय (६ मान ९ हजार ८ सय ) येन।

**भुक्तानी सर्तहरू**

○ आय : कुल घरेलु आम्दानी भन्दा बढी हुनुहुँदैन, प्रति व्यक्ति स्थानीय कर को आय कर छुट हुने १/१२ + भाडा रकम (विशेष आवास लाभको स्तर रकम सम्म)
(टोक्यो वार्ड मा बसोबास गर्नेहरू का लागि लगभग ) १ व्यक्ति परिवार:१ लाख ३८ हजार (१३ मान ८ हजार ) येन, २ व्यक्ति परिवार:१ लाख ९४ हजार (१९ मान ४ हजार ) येन र ३ व्यक्ति परिवार:२ लाख ४१ हजार (२४ मान १ हजार ) येन।

○ सम्पत्ति : प्रति परिवारको कुल बचत १० लाख (१०० मान) भन्दा बादी हुन नहुने। (टोकियो वार्ड का परिवारका लागि लगभग ) १ व्यक्ति परिवार : ५ लाख ४ हजार (५० मान ४ हजार) येन, २ व्यक्ति परिवार ७ लाख ८० हजार (७८ मान ) येन र ३ व्यक्ति परिवार १० लाख (१०० मान )येन।

○ काम खोज्ने गतिविधि : इमानदारी र लगनशीलताका साथ काम को खोजी गरेको हुनुपर्नेछ।
* (अप्रिल ३० ~)पछि गरिने आवेदन को लागि हेलो वर्क को आवेदन आवश्यक पर्ने छैन।

आदि

i

- **आम रूपमा सोधिने प्रश्नको लागि परामर्श कल सेन्टर**
  0120-23-5572 * 9:00 - 21:00 (शनि/आइत र सार्वजनिक विदामा पनि उपलब्ध छ)
- **दैनिक जीविका सहायता विशेष वेबसाइट (आवास सुनिश्चितता लाभ)को लागि यता**
- **तपाईँको नगरपालिकाको " स्वतन्त्र परामर्श समर्थन सङ्गठन (जिरिचु सोउदान शिएन किकान)" मा सम्पर्क ग**

राष्ट्रव्यापी सम्पर्क सूची https://www.mhlw.go.jp/content/000614516.pdf

# गरिबी/आर्थिक अभावमा परेका लाई आत्मनिर्भर समर्थन प्रणाली

जीविका कठिनाइ भएका, प्रत्येक व्यक्तिको अवस्था लाई मध्यनजर गर्दै समर्थन गरिनेछ।

## परामर्श प्रवाह (आत्मनिर्भर परामर्श समर्थन परियोजना)

परामर्श रिसेप्शन → जीवनयापनका स्थितिहरूको मुद्दाहरूको व्यवस्थित → समर्थन योजनाहरू बनाइने → समर्थन मेनुको प्रस्ताव → योजनाको समीक्षा → समस्याहरूको समाधान

## समर्थन सुचीको उदाहरण

### रोजगार समर्थन/रोजगारीको तैयारी समर्थन

■ रोजगारी खोजीको सल्लाह वा व्यक्तिगत नियुक्ति इत्यादिको समर्थन गर्नेछौ।

■ साथै, रोजगारीको समस्या लाई सुल्झाउन, सञ्चारमा कमजोर भएमा, कार्यशाला र कार्य अनुभवको समर्थन गर्नेछौ।

### घरेलु बजेट समर्थन

■ घरेलु बजेटको स्थिति "मूल्याङ्कन" गरि सोको आधारमा ऋण प्रदान गर्नेछौ।

■ थप रूपमा, भाडा, कर, उपयोगिता शुल्क इत्यादिको भुक्तानी र विभिन्न लाभ प्रणालीहरूको प्रयोगको लागि समर्थन गर्दछौँ।

### आवास सुरक्षा लाभ

■ रोजगारी, आदि छुटेका कारण, आर्थिक अभावले आफ्नो आवास गुमाएका वा जोखिममा भएका लाई, रोजगार खोजीरहेका छन् भन्ने सर्तमा निश्चित अवधिको लागि भाडा खर्च उपलब्ध गरिनेछ।

### अस्थायी जीवनयापन समर्थन

■ आफ्नो घर घुमाएका व्यक्ति लाई , निश्चित अवधिको लागि खाना, कपडा र आवास जस्ता दैनिक जीविका समर्थन गर्दछौँ

i ●**परामर्शको लागि, कृपया नगरपालिका या स्वतन्त्र परामर्श समर्थन परियोजना लागू गर्ने संस्थाको काउण्टरमा सम्पर्क गर्नुहोस्।**

# कल्याणकारी लाभ प्रणाली

कल्याणकारी लाभ, व्यक्तिको गरिबी दर्जामा निर्भर रही न्यूनतम जीविका र आत्म-निर्वाहको लागि आवश्यक लाभ प्रदान गर्ने प्रणाली हो। साथै, जीवनयापन संरक्षणको आवेदन भनेको नागरिकको अधिकार हो। दैनिक जीवनयापन संरक्षणको आवश्यकता कसैलाई पनि पर्न सक्ने हुनाले, संकोच नमानि स्थानीय निकायमा गएर परामर्श गर्नुहोला।

## कल्याणकारी लाभको लागी योग्य व्यक्ति

○ कल्याणकारी लाभ अन्तर्गत आवेदकको सम्पत्ति, क्षमता, इत्यादिलाई ध्यानमा राखि आवश्यक लाभ प्रदान गरिनेछ।

( निम्न स्थिति का व्यक्तिहरू योग्य हुनेछन्। )

- उपभोग गर्न सकिने सम्पत्ति नभएमा जस्तै अचल सम्पत्ति, सवारीसाधन, नगद, बचत आदि।

  *अचल सम्पत्ति र सवारीसाधनलाई अपवादको रूपमा स्वामित्वको अनुमति दिइनेछ।
- काम नभएको वा काम भए पनि जीविकाको लागि आवश्यक खर्च कमाउन नसक्ने।
- सामाजिक सुरक्षा लाभहरू जस्तै पेन्सन र भत्ता प्रयोग गर्दा पनि आवश्यक जीविका निर्वाहका खर्च प्राप्त गर्न नसक्ने।
- प्रायोजकबाट हुने कुनै पनि समर्थनलाई कल्याणकारी लाभमा प्राथमिकता दिइनेछ।

* जब लाभको लागि आवेदन बुझाइन्छ, कल्याण कोष कार्यालयको कर्मचारीले परिवारको सदस्य लाई समर्थन गर्न सक्ने या नसक्ने पुष्टि गर्ने छन्, विशेष गरी परिवारमा बालबालिका जो जूनियर हाई स्कुल तेस्रो वर्ष पुगेका वा पुग्न लागेका भएमा। अन्य मामिलामा कागजातको आधारमा पुष्टीकरण गरिनेछ।

* आवश्यक जीविका लागत पूर्व निर्धारित हुनेछ। (न्यूनतम जीविका लागत) उमेर, परिवारको सङ्ख्या, इत्यादि द्वारा निर्धारण गरिनेछ र कल्याणकारी लाभ मात्र यस्तो अवस्थामा दिइन्छ जब आय न्यूनतम जीविका लागत भन्दा कम हुन्छ।




○जीविका कल्याण प्राप्तिको योग्यता विस्तृत नियमहरूमा आधारित रहनेछ। अधिक जानकारीको लागि कृपया नगरपालिकाको कल्याण कोष कार्यालयमा परामर्श गर्नुहोला।

## प्रक्रिया

○कृपया तपाईँको नगरपालिकाको कल्याणकारी कार्यालय/फुकुशी जिमुस्योउ (जीविका परामर्शको काउण्टर)मा परामर्श गर्नुहोस्।

○जीविका कल्याणको लागि आवेदन दिए पछि, कल्याण कोष कार्यालयले तपाईँको घरमा भ्रमण गरी सम्पत्ति इत्यादिको सर्वेक्षण गरि योग्य भए नभएको मूल्याङ्कन गर्नेछ र योग्य भएमा लाभ प्रदान गरिनेछ।

○माथि उल्लेखित सर्वेक्षण गरेपछि कल्याण कोष कार्यालयले आवेदन दिएको 14 दिन भित्र निर्णय गर्नेछ।

## जीविका कल्याणकारी लाभ प्राप्ति पछि

○ कल्याणकारी लाभ प्राप्ति गरी रहँदा, कल्याण कोष कर्मचारीले वर्ष भरि धेरै पटक घरमा सर्वेक्षण गर्नेछ र कर्मचारी द्वारा दिइएका निर्देशनहरूको पालना गर्नुपर्नेछ।

○ लाभ प्राप्त गरी रहँदा, मासिक रूपमा आफ्नो आय स्थिति रिपोर्ट गर्नुपर्नेछ।

○ जीविका खर्चको अलावा, केही मात्रामा पूर्व निर्धारित निश्चित भाडा रकम पनि भुक्तान गरिनेछ।

○ थप रूपमा, चिकित्सा उपचार र स्याहार सुसार जस्ता आवश्यक खर्च भुक्तान गरिनेछ।

○ परिवारको आर्थिक स्थितिको बारेमा परामर्श, बालबालिकाको शिक्षा र जीवनयापन, रोजगार इत्यादि को समर्थन उपलब्ध हुनेछ। (केही नगरपालिकाहरू बाहेक)

i ● **परामर्शका लागि, कृपया तपाईँको नगरपालिकाको कल्याणकारी लाभ कार्यालयमा सम्पर्क गर्नुहोस्।**

# चोटपटक तथा बिरामी भत्ता

चोटपटक तथा बिरामी भत्ता, स्वास्थ्य बिमा गरेका व्यक्तिले काममा हुने दुर्घटना बाहेक अरु कारणले उपचारको लागि बिदा बस्दा आय सुरक्षा प्रदान गर्ने एक प्रणाली हो। कोरोना भाइरस सङ्क्रमण बाट सङ्क्रमित भई चिकित्सा उपचारका कारण काम गर्न नसकेकाहरूले पनि उपयोग गर्न सक्नेछ।

- कुनै विशेष लक्षण बिना अस्पताल भर्ना गरियो तर टेस्टको परिणाममा कोरोना भाइरस लागेको ठहरियो।
- ज्वरो जस्ता लक्षण ले गर्दा उपचारको लागि काममा बिदा बस्न बाध्य पर्यो।

यस्तो अवस्थामा, चोटपटक या बिरामी भत्ताको लागि योग्य हुन सक्नुहुन्छ।

## भुक्तानी सर्तहरू

निम्नलिखित सबै सर्तहरू पूरा भएको खण्डमा भुक्तानी गरिनेछ।

1.काममा हुने दुर्घटनाहरू बाहेक अन्य रोग वा चोटपटकको उपचारको कारण काम गर्न असमर्थ भएमा।

* काममा रहँदा र आवागमनमा हुने बिरामी र चोटको क्षतिपूर्ति औद्योगिक दुर्घटना बिमा द्वारा कभर गरिनेछ।

2. कम्तीमा पनि 4 दिन काम बिदा बसेको भएमा।

* चिकित्सा उपचारको लागि (प्रतीक्षा अवधि) 3 दिन लगातार बिदा बसेको र अझै चौथो दिन पछि पनि काम गर्न नसकेमा भुक्तानी गरिनेछ।

* प्रतीक्षा अवधिमा (शनि, आइत), सार्वजनिक बिदा र भुक्तानी बिदा (युक्यु) पनि समावेश गरिनेछ।

## भुक्तानी अवधि

भत्ता भुक्तानी सुरु भए पछिको 1 वर्ष 6 महिना भित्र।

* 1 वर्ष 6 महिनाको अवधिमा, माथि वर्णन गरिएको भुक्तानी सर्तहरू सन्तुष्ट भएको दिनहरूको लागि भुक्तानी गरिनेछ।

## प्रति दिनको भुक्तानी रकम

भुक्तान सुरु हुने महिना भन्दा गत 12 महिनाहरूकोको मूल मासिक रकमको औसत आयको 1/30 भाग लाई 2/3 ले गुणा गरिनेछ।

*भुक्तानी गरिएको पारिश्रमिकको रकम, चोटपटक तथा बिरामी भत्ताको राशि भन्दा कम भएमा, बिरामी भत्ता र पारिश्रमिक रकमको बिचको भिन्नता रकम भुक्तान गरिनेछ।

**कुल भुक्तानी** = **पछिल्लो 12 महिनाको औसत आय रकमको 1/30 भाग** × **2/3** × **भुक्तान गरिने दिन**

i ● **भुक्तानी का सर्तहरू वा प्रक्रियाको बिस्तृत विवरणहरूको** लागि, **बीमा कम्पनीसँग सोधपुछ गर्नुहोला** ।

(*)नागरिक स्वास्थ्य बिमा प्रयोग गरिरहेकाहरूका लागि

नगरपालिकाको आधारमा अध्यादेशमा निर्भर रही नयाँ कोरोना भाइरस सङ्क्रमण द्वारा सङ्क्रमित व्यक्तिलाई चोटपटक तथा बिरामी भत्ता दिइन्छ। अधिक जानकारीको लागि कृपया तपाईंको नगरपालिका कार्यालयलाई सम्पर्क गर्नुहोला।

# बिदा भत्ता(श्रम मापदण्ड कानुन, धारा 26)

श्रम मापदण्ड ऐन धारा 26 अन्तर्गत यदि कम्पनीको कारणले कर्मचारी लाई बिदा राखिएमा कर्मचारीको न्यूनतम जीवनस्तरको प्रत्याभूति गर्न बिदा भत्ता भुक्तान गर्नुपर्नेछ।

● **कम्पनीको कारणले कर्मचारी लाई बिदा दिइने अवस्थामा, श्रम मापदण्ड ऐन अनुसार रोजगार समायोजन अनुदान अनुरूप कर्मचारी लाई बिदा भत्ता भुक्तान गरियोस् ताकी कर्मचारी लाई कुनै किसिमको समस्या नहोस् र श्रम मापदण्ड ऐन अनुसार होस् ।**

*** रोजगार समायोजन अनुदानको विस्तृत विवरणको लागि अर्को पृष्ठ हेर्नुहोस्।**

## कम्पनीले बिदा भत्ता तिर्नै पर्ने स्थिति

▶ कम्पनीको कारण काम निलम्बित गरिएमा, सो अवधिको बिदा भत्ता भुक्तान गरिनु पर्दछ ।

▶ यदि दुर्घटनावश भएमा, कम्पनीले कामदारलाई बिदा भत्ता तिर्न बाध्य हुने छैन। निम्न 2 कारणहरू भएमा दुर्घटनामा गनिने छ ।

(1) कार्यालय बाहिर घटेको दुर्घटना भएमा।

(2) यस्तो दुर्घटना जुन व्यवसाय मालिकले जति सुकै ध्यान पुऱ्याए पनि घट्ने सम्भावना रहन्छ।

नम्बर (1)को कारण कार्यालय बाहिर हुने कुरा जुन अपरिहार्य छ। उदाहरणका लागि अनुरोध गरिएको आपत्कालीन घोषणा।

नम्बर (2)को हकमा कम्पनीले व्यापार निलम्बनबाट बच्न सम्भव रहे सम्म का सबै प्रयासहरू गर्नु पर्नेछ उदाहरणका लागि,

- कम्पनीले श्रमिकलाई घरबाट काम गराउने विधिको बारेमा पूर्ण रूपमा विचार गरिएको हुनुपर्ने।
- संलग्न हुन सक्ने काम भएता पनि श्रमिकहरूलाई अनुपस्थित हुन जबरजस्ती गरिनु।

माथिको कुरालाई ध्यानमा राखी, छुट्टै निर्धारण गरिनेछ।

त्यसैले "नयाँ कोरोना भाइरस सङ्क्रमणको प्रभाव"को कारण देखाइ, बिदा भत्ता भुक्तानको दायित्व बाट बन्चित हुन पाइने छैन।

## बिदा भत्ताको मात्रा

कम्तिमा पनि औसत ज्यालाको 60/100 (व्यवसाय निलम्बन हुनु अघिको तीन महिनामा भुक्तानी गरिएको कुल ज्यालालाई त्यस अवधिको कुल दिन संख्याले भाग गर्ने *)

*यदि ज्याला प्रति घण्टा, दैनिक, वा कामको हिसाब ले निर्धारित गरिएको छ भने, न्यूनतम ग्यारेन्टी रकम लागु गर्नु पर्दछ।

i

● **प्रत्येक व्यक्तिगत मामलामा परामर्शको लागी, कृपया विशेष श्रम परामर्श डेस्कमा सम्पर्क गर्नुहोस्।**

नयाँ कोरोना भाइरसको प्रभावका कारण काम बाट बर्खास्त, रोजगार निलम्बन, बिदा भत्ता, आदि जस्ता श्रम परामर्शलाई समर्थन गरिनेछ।

# रोजगार समायोजन अनुदान (विशेष प्रबन्धहरू )

रोजगार समायोजन अनुदान भनेको, आर्थिक समस्याको कारणले व्यवसायीक गतिविधिलाई खुम्च्याउन बाध्य हुने उद्यम मालिकले आफ्ना श्रमिकलाई अस्थायी रूपमा काम-बिश्राम-बिदा दिने, शैक्षिक तालिम दिने वा अन्य ठाउँमा काजमा पठाउने, श्रमिकको रोजगारी कायम राख्न प्रयास गरेमा, उद्यम मालिकको आवेदनको आधारमा, उद्यम मालिकले श्रमिकलाई भुक्तान गरेको काम-बिश्राम-बिदा भत्ता आदिको केही अंश अनुदान दिने प्रणाली हो।

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले, रोजगार समायोजन अनुदानको विषयलाई बृहत् रूपमा विस्तार गरेर, प्रक्रिया सरलीकरणको बन्दोबस्त गरिरहेका छौं।

## योग्य व्यक्ति (रोजगारदाता

नयाँ कोरोना भाइरस सङ्क्रमणबाट प्रभावित रोजगारदाताहरू

* सेल्स आदि व्यवसायीक गतिविधिको अवस्था जनाउने पछिल्लो **उत्पादन सूचकाङ्क तुलनायोग्य महिनाको तुलनामा 5% भन्दा बढी घटेको** हुनु पर्ने जस्ता आवश्यक सर्त रहन्छन्।

## विशेष प्रबन्धहरू

○अनुदान सामग्री र योग्यताको बारेमा विस्तारमा व्याख्या।

* 1 अप्रिल, 2020 देखि 30 जून, 2020 सम्मको बिदामा लागू हुने।

① आर्थिक अनुदान दर वृद्धि( (साना/मध्य-आकारको कम्पनीहरूको 4/5 र ठूलो कम्पनीहरूको 2/3)

खारेज गरिएको छैन भने आर्थिक अनुदान दर थप(मध्यम आकारको कम्पनी 10/10, रठुलो कम्पनी 3/4)

* सम्बन्धित श्रमिक प्रति व्यक्ति प्रति दिन अधिकतम 15000 येन

② शैक्षिक तालिम प्रदान गरेको खण्डमा थप रकमको वृद्धि

( मध्यम आकारको कम्पनी 2400 येन, ठुलो कम्पनी 1800 येन)

③ रोजगार बिमा 6 महिना या सो भन्दा कम भएका नयाँ कर्मचारी पनि योग्य हुनेछन्।

④ यो अनुदान प्रति वर्ष पाइने 100 भुक्तान दिन भन्दा अलग अनुदान हो ।

⑤ रोजगार बिमा नभएका कर्मचारीहरूको बिदा पनि योग्य हुनेछ।

○ अनुदान प्राप्त आवश्यकताहरूको थप सहजता

*⑥ भित्रको योजना निवेदन पत्र बुझाउन आवश्यक नपर्ने प्रबन्ध तथा ⑦ का सन्दर्भमा सन् 2020 मे 19 तारिख पछिको भुक्तानी आवेदन देखि कार्यान्वयन हुने

⑥ आवेदनका कागजातहरू बृहत् रूपमा सरलीकरण गरिएको छ।

समेट्नु पर्ने कागजातहरू घटाएर, **काम-बिश्राम-बिदा योजना निवेदन बस्ने योजनाको निवेदन बुझाउन नपर्ने** गरिएको छ।

⑦ अनुदान रकमको गणना विधि आदि **आवेदन प्रक्रिया सरलीकरण** गरिएको छ।

i

● **आवश्यकता र प्रक्रिया विवरणहरूको लागि कृपया स्वास्थ्य, श्रम, र कल्याण मन्त्रालयको वेबसाइट समीक्षा गर्नुहोस्।**

● उद्यम स्थल अवस्थित इलाका क्षेत्राधिकारमा पार्ने श्रम ब्युरो अथवा हेलोवर्कमा आवेदन सङ्कलन भइरहेको छ (काउण्टरमा अथवा हुलाकबाट)।

● रोजगार समायोजन अनुदानको लागि कल सेन्टरलाई सम्पर्क गर्नुहोस्।

0120-60-3999(समय: 9:00 - 21:00 (शनि,आइत र सरकारी बिदा सहित)

# 'नयाँ कोरोना भाइरस सङ्क्रामक रोग प्रतिक्रियात्मक काम-बिश्राम-बिदा टेवा रकम'

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले काम-बिश्राम-बिदा बसाइएका साना तथा मझौला उद्योगका श्रमिकहरू मध्ये, काम-बिश्राम-बिदा भत्ता प्राप्त गर्न नसकेका श्रमिकलाई 'नयाँ कोरोना भाइरस सङ्क्रामक रोग प्रतिक्रियात्मक काम-बिश्राम-बिदा टेवा रकम' भुक्तान गरिनेछ।

## दायरामा पर्ने व्यक्तिहरू

नयाँ कोरोना भाइरस सङ्क्रामक रोग एवम् उक्त फैलावट रोकथाम निमित्तका प्रबन्धहरूको प्रभावले काम-बिश्राम-बिदा बसाइएका साना तथा मझौला उद्योगका श्रमिकहरू मध्ये,

**काम-बिश्राम-बिदा अवधि भरिको तलब (काम-बिश्राम-बिदा भत्ता)को भुक्तनी प्राप्त गर्न नसकेका श्रमिक (*)**

* बिमित नभएका व्यक्तिहरू पनि दायरामा पर्नेछन्।

## भुक्तानी राशि

**काम-बिश्राम-बिदा हुनु अघिको तलबको 80% (मासिक अधिकतम 3 लाख 30 हजार येन)**

* काम-बिश्राम-बिदाको रेकर्ड अनुसार भुक्तान गरिनेछ।

i

- भुक्तानीका आवश्यक सर्तहरूको विस्तृत विवरण र ठोस प्रक्रियाको लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।
- कल सेन्टरले 'नयाँ कोरोना भाइरस सङ्क्रामक रोग प्रतिक्रियात्मक काम-बिश्राम-बिदा टेवा रकम' सम्बन्धी सोधपुछको सेवा प्रदान गर्नेछ।
  0120-221-276
  (खोल्ने समय सोम - शुक्र 8:30 - 20:00 / शनि, आइत, सार्वजनिक बिदाको दिन 8:30 - 17:15)

# नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्ध अन्तर्गतको बिदा प्राप्ति अनुदान रकम

नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्ध स्वरूप, काम-बिश्राम-बिदा आवश्यक परेका गर्भवती महिला श्रमिकले निर्धक्क भएर बिदा लिएर बच्चा जन्माई, सुत्केरी भएपछि पनि निरन्तन काममा सक्रिय रहन सक्ने कार्यस्थलको वातावरण तयारपार्नको निम्ति, उक्त महिला श्रमिकको लागि तलबी बिदा प्रणाली लागु गरेर बिदा दिने उद्यम मालिकलाई अनुदान दिइनेछ।

## दायरामा पर्ने व्यक्तिहरू (उद्यम मालिक)

① - ③को सबै सर्तहरू पूरा गर्ने उद्यम मालिकहरू दायरामा पर्ने।

**सन् 2020 मे 7 तारिख देखि सेप्टेम्बर 30 तारिख सम्मको अवधिमा**

① **नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्ध स्वरूप,** चिकित्सक अथवा सुँडेनीको निर्देशन अनुरूप काम-बिश्राम-बिदा आवश्यक परेका **गर्भवती महिला श्रमिकले प्राप्त गर्न सक्ने तलबी बिदा प्रणाली** (वार्षिक तलबी बिदा बाहेक, वार्षिक तलबी बिदाको तलब रकम बराबरको **60% वा सो भन्दा बढी** भुक्तानी गर्ने उद्यम मालिकहरूलाई मात्र) तयार पारेको,

② उक्त तलबी बिदा प्रणालीको अन्तर्वस्तुलाई नयाँ कोरोना भाइरस सङ्क्रामक रोग सम्बन्धी मातृ स्वास्थ्य व्यवस्थापन प्रबन्धको विषय सँग मिलाएर **श्रमिकहरूलाई सुचित** गरेका उद्यम मालिक,

**सन् 2020 मे 7 तारिख देखि सन् 2021 जनवरी 31 तारिखसम्मको अवधिमा**

③ त्यस्तो **बिदा जम्मा 5 दिन वा सो भन्दा बढी दिलाएका** उद्यम मालिक

## भुक्तानी राशि

दायरामा परेका 1 श्रमिक बराबर

तलबी बिदा जम्मा 5 दिन वा सो भन्दा बढी 20 दिन भन्दा कम: 2 लाख 50 हजार येन

तत्पश्चात् हरेक 20-20 दिनमा थप 1 लाख 50 हजार येन (अधिकतम रकम: 10 लाख येन)

* 1 व्यवसायको अधिकतम संख्या: 20 जना सम्म

## आवेदन अवधि

सन् 2020 जुन 15 तारिख देखि सन् 2021 फेब्रुअरी 28 तारिख सम्म

* रोजगार बिमाको बिमित व्यक्तिको लागि र रोजगार बिमाको बिमित बाहेक अन्य व्यक्तिको लागि गरि 2 प्रकारका ढाँचाहरू छन्।
* उद्यम स्थल एकाइ पिच्छेको आवेदन हो।

i

● **भुक्तानीका आवश्यक सर्तहरूका विस्तृत जानकारी र ठोस प्रक्रियाको लागि**
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।

● ठोस रूपमा परामर्श सोधपुछ गर्नका लागि, नजिकैको प्रान्तीय श्रम ब्युरो रोजगारी वातावरण (कोयोउ खान्क्योउ); समान अवसर कक्ष (किन्तोउबु-सिचु)मा सम्पर्क गर्नुहोस्।

सम्पर्क समय: 8:30 - 17:15 (शनि, आइत, सार्वजनिक बिदा, वर्षान्त तथा नयाँ वर्षका दिनहरू बाहेक)

# काम तथा जीविका सन्तुलन अनुदान (सुसारे काम-छोडाई रोकथाम कोर्ष)
# नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको लागि विशेष प्रावधान

नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रतिक्रिया स्वरूप, परिवारको स्याहार सुसार गर्नुपर्ने श्रमिकले बालबालिका स्याहार सुसार काम-बिश्राम-बिदा ऐनमा आधारित रही, स्याहार सुसार काम-बिश्राम-बिदा बाहेक अन्य तलबी बिदा प्रदान गरेर, स्याहार सुसार गर्न सक्ने व्यवस्था मिलाउने साना तथा मझौला उद्योगपतिहरूलाई अनुदान दिइनेछ।

## दायरामा पर्ने व्यक्तिहरू (उद्यम मालिक)

① नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रतिक्रिया स्वरूप प्रयोग गर्न सकिने **स्याहार सुसारको लागि दिइने तलबी बिदा प्रणाली** (*)को व्यवस्था गरेर, उक्त प्रणाली समेटेर काम तथा स्याहार सुसार दुवै सन्तुलित गरेको प्रणालीको अन्तर्वस्तु कम्पनी भित्र सूचित गर्नुपर्ने।

* तोकिएको श्रम गर्ने दिनको 20 दिन वा सो भन्दा बढी प्राप्त गर्न सकिने प्रणाली

* कानुनले तोकेको स्याहार सुसार काम-बिश्राम-बिदा, स्याहार सुसार बिदा, वार्षिक तलबी बिदा भन्दा फरक प्रकारको बिदा प्रणाली हुन आवश्यक छ।

② नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले दायरामा पर्ने परिवारको स्याहार सुसारको लागि काम बिदा नलिइनहुने श्रमिकले ①को बिदा **जम्मा 5 दिन वा सो भन्दा बढी प्राप्त** गर्नुपर्ने।

## भुक्तानी राशि

| प्राप्त दिन संख्या | भुक्तानी राशि |
|---|---|
| जम्मा 5 दिन भन्दा बढी 10 दिन सम्म | **2 लाख येन** |
| जम्मा 10 दिन भन्दा बढी | **3 लाख 50 हजार येन** |

## दायरामा पर्ने श्रमिक

**एक जना साना तथा मझौला उद्यम मालिकले 5 जना सम्मको आवेदन दिन मिल्छ।**

① स्याहार सुसार आवश्यक पर्ने परिवारले सधैँ प्रयोग गरिरहेको वा प्रयोग गर्न लागेको स्याहार सुसार सेवा, नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको कारणले लिएको काम-बिश्राम-बिदाले गर्दा प्रयोग गर्न नमिल्ने भएको अवस्थामा

② परिवारले सधैँ प्रयोग गरिरहेको वा प्रयोग गर्न लागेको स्याहार सुसार सेवा, नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रतिक्रिया स्वरूप प्रयोग गर्न नचाहेको अवस्थामा

③ परिवारको सधैँ स्याहार सुसार गरिरहेको व्यक्तिले, नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले परिवारको स्याहार सुसार गर्न नसकेको अवस्थामा

## लागु मिति

सन् 2020 अप्रिल 1 तारिख देखि सन् 2021 मार्च 31 तारिखको अवधिमा प्राप्त गरेको बिदा

## आवेदन अवधि

भुक्तानीका आवश्यक सर्त पूरा गरेको भोलिपल्टदेखि सुरु गरेर 2 महिना भित्र

* सन् 2020 जुन 15 तारिख देखि आवेदन संकलन सुरु

(नोट) सन् 2020 जुन 15 तारिख भन्दा अघि भुक्तानीका आवश्यक सर्त पूरा गरेको अवस्थामा आवेदन म्याद अगष्ट 15 सम्म हुनेछ।

● **भुक्तानीका आवश्यक सर्तहरूका विस्तृत जानकारी र ठोस प्रक्रियाको लागि** स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।

● **सोधपुछको लागि,**

हर प्रान्तको श्रम ब्युरो रोजगारी वातावरण (कोयोउ खान्क्योउ); समान अवसर कक्ष (किन्तोउबु-सिचु)

**सम्पर्क समय: 8:30 - 17:15 (शनि, आइत, सार्वजनिक बिदा बाहेक)**

नयाँ कोरोना स्याहार सुसार टेवा कार्य-जीविका सन्तुलन अनुदान | सर्च

# सार्वजनिक पेसागत तालिम (काम छोडेकाको तालिम)

रोजगार बिमा प्राप्त गर्दै निःशुल्क (पाठ्यपुस्तकहरूको वास्तविक शुल्क मात्र बेहोरे पुग्ने) पेसागत तालिम लिन सकिनेछ।

## दायरामा पर्ने व्यक्तिहरू : रोजगारी खोजी रहेको र जसले सिद्धान्ततः निम्न 5 वटा सर्तहरू पूरा गरेको हुन्छ

① हेलोवर्कमा रोजगारी खोजीको आवेदन दिएको हुनुपर्ने
② हाल रोजगाररत (हप्तामा गर्ने श्रम अवधि 20 घण्टा वा सो भन्दा बढी) हुन नहुने
③ रोजगार बिमाको बेरोजगार लाभ प्राप्त गरिरहेको हुनुपर्ने
④ श्रम गर्ने मनसाय र क्षमता हुनुपर्ने
⑤ पेसागत तालिम आदि सम्बन्धी टेवा आवश्यकता छ भनेर हेलोवर्कले मान्यता दिनुपर्ने

## तालिमको अन्तर्वस्तु

① जागिरको लागि आवश्यक कामको सीप, ज्ञान हासिल गर्ने तालिम हो।
② तालिम अवधि लगभग 3 महिना देखि 2 वर्ष हुनेछ।
③ कोर्ष लिने शुल्क निःशुल्क हुनेछ। (पाठ्यपुस्तक शुल्क, आदि 10 हजार - 20 हजार येन जति मात्र व्यक्तिगत खर्च आवश्यक हुनेछ।)
④ राष्ट्र, प्रान्त, निजी शैक्षिक तालिमका निकाय आदि (प्रान्तद्वारा प्रत्योजित)ले तालिम सञ्चालन गर्नेछ।

## कोर्ष लिँदाको प्रवाह........सर्वप्रथम त हेलोवर्कमा पाल्नुहोस्

सार्वजनिक पेसागत तालिम (काम-छोडेका व्यक्तिको तालिम) एवम् रोजगारी खोजीकर्ता टेवा तालिम कोर्ष लिनको लागि, हेलोवर्कमा रोजगारी खोजीको आवेदन दिएपछि, तालिम दिने प्रशिक्षालयले लिने अन्तरवार्ताहरूबाट छनौट जाँच पास गरी, हेलोवर्कबाट कोर्ष लिन मध्यस्थता प्राप्त गर्नु पर्नेछ।

पुनश्च, कोर्ष लिने मध्यस्थता, हेलोवर्कमा हुने पेसागत परामर्श मार्फत

① तालिम कोर्ष लिने कुरा सुहाँउदो रोजगारीमा लाग्नको लागि आवश्यक छ भनेर मान्यता मिल्ने, तथा
② तालिम लिनको लागि आवश्यक क्षमता आदि छ भनेर हेलोवर्कले निर्णय गरेका व्यक्ति लाई तालिम दिइनेछ।

रोजगारी खोजीको आवेदन, पेसागत परामर्श → कोर्ष आवेदन → अन्तरवार्ताहरू → छनौट नतिजा सूचना → कोर्ष लिने मध्यस्थता → तालिम कोर्ष

(हरियो) ...... हेलोवर्कमा गरिने प्रक्रिया

(गुलाबी) ...... तालिम सञ्चालन हुने प्रशिक्षालयमा गरिने प्रक्रिया

i

- **ठोस प्रक्रियाको लागि** स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।
- आफ्नो बसोबास इलाकामा सञ्चालन भइरहेको तालिमको बारेमा HelloWork Internet Service बाट सर्च गर्न सकिनेछ।
- तालिम सम्बन्धी परामर्शको लागि, नजिकैको हेलोवर्कमा गएर परामर्श गर्नुहोला।

# रोजगारी खोजीकर्ता टेवा तालिम

रोजगार बिमा भुक्तान प्राप्त गर्न नसक्ने रोजगारी खोजीकर्ताले निःशुल्क (पाठ्यपुस्तकहरूको वास्तविक शुल्क मात्र बेहोरे पुग्ने) पेसागत तालिम कोर्ष लिँदै, आवश्यक सर्तहरू पूरा गरेमा मासिक 1 लाख येन कोर्ष भत्ता आदि जस्ता लाभ रकमहरू प्राप्त गर्न सक्नेछन्।

## दायरामा पर्ने व्यक्तिहरू: रोजगारी खोजी रहेको र जसले सिद्धान्ततः निम्न 5 वटा सर्तहरू पूरा गरेको हुन्छ

① हेलोवर्कमा रोजगारी खोजीको आवेदन दिएको हुनुपर्ने
② हाल रोजगाररत (हप्तामा गर्ने श्रम अवधि 20 घण्टा वा सो भन्दा बढी) हुन नहुने
③ रोजगार बिमाको बेरोजगार लाभ प्राप्त गरिरहेको हुन नहुने
④ श्रम गर्ने मनसाय र क्षमता हुनुपर्ने
⑤ पेसागत तालिम आदि सम्बन्धी टेवा आवश्यकता छ भनेर हेलोवर्कले मान्यता दिनुपर्ने

* लाभ रकम प्राप्त गर्नको लागि, थप तल उल्लेखित "लाभ रकम भुक्तानीका अन्तर्वस्तु, आवश्यक सर्तहरू"मा लेखिएको आवश्यक सर्तहरू पूरा गर्न आवश्यक हुनेछ।

## तालिमको अन्तर्वस्तु

① चाँडो जागिर खानको लागि दिइने तालिम हो।
② तालिम अवधि 2 महिना देखि 6 महिना हुन्छ।
③ कोर्ष लिने शुल्क निःशुल्क हुनेछ। (पाठ्यपुस्तक शुल्क, आदि 10 हजार - 20 हजार येन जति मात्र व्यक्तिगत खर्च आवश्यक हुनेछ।)
④ राष्ट्रको स्वीकृति प्राप्त गरेको, निजी शैक्षिक तालिम संस्था, आदिले तालिम सञ्चालन गर्नेछ।
⑤ 2 प्रकारका कोर्षहरू छन्।

- "आधारभूत कोर्ष": सामाजिक कर्मचारी अनुरूपको आधारभूत क्षमता, छोटो समयमा हासिल गर्न सकिने दक्षता आदि हासिल गर्न सकिनेछ।
- "व्यवहारिक कोर्ष": आफूले इच्छाएको पेसामा कार्य प्रदर्शन गर्नको लागि चाहिने व्यवहारिक दक्षता आदि हासिल गर्न सकिनेछ।

## कोर्ष लिँदाको प्रवाह : P27 हेर्नुहोस्। (सार्वजनिक पेसागत तालिम जस्तै हो)

## लाभ रकम भुक्तानी विषय र आवश्यक सर्तहरू

【भुक्तानी रकम】

- पेसागत तालिमे कोर्ष भत्ता: मासिक 1 लाख येन
- यातायात भत्ता: तालिम सञ्चालन गर्ने प्रशिक्षालय सम्म आवतजावत गर्ने रूट अनुसार निर्धारित रकम (अधिकतम सीमा रकम हुन्छ)
- बास भत्ता: मासिक 10,700 येन

* "यातायात भत्ता" "बास भत्ता"को विस्तृत जानकारीको लागि, हेलोवर्कमा सम्पर्क गर्नुहोस्।

【भुक्तानीका मुख्य आवश्यक सर्तहरू】 (तलका सबै बुँदाहरू पूरा गर्ने व्यक्ति दायरामा पर्ने)

- मूल व्यक्तिको मासिक आम्दानी 80 हजार येन भन्दा कम
- सम्पूर्ण परिवारको मासिक आम्दानी 2 लाख 50 हजार येन भन्दा कम
- सम्पूर्ण परिवारको वित्तीय सम्पत्ति 30 लाख येन भन्दा कम

i

● **भत्ताको विस्तृत आवश्यक सर्तहरू र ठोस प्रक्रिया**को लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।
● आफ्नो बसोबास इलाकामा सञ्चालन भइरहेको तालिमको बारेमा HelloWork Internet Service बाट सर्च गर्न सकिनेछ।
● तालिम सम्बन्धी परामर्शको लागि, नजिकैको हेलोवर्कमा गएर परामर्श गर्नुहोला।

# प्राथमिक विद्यालय बन्द इत्यादि अनुदान (श्रमिक लाई रोजगार दिइरहेका रोजगारदाताहरूको लागि )

नयाँ कोरोना भाइरस सङ्क्रमणको कारण, प्राथमिक विद्यालय बन्द भए सँगै, बालबालिकाको हेरचाह गर्नु परेका "श्रमिक (अभिभावक)" (थाई या अस्थायी )हरूका लागी, (श्रम मापदण्ड कानुन ऐन अन्तर्गत वार्षिक बिदा भत्ता बाहेक)को यूउक्यू (बिदा भत्ता) दिएका रोजगारदातालाई अनुदान दिइने छ।

## योग्य व्यक्ति(रोजगारदाता)

तल दिइएका (1) वा (2)को कारण बालबालिकाको हेरचाह गर्नु परेका श्रमिक (अभिभावक)हरू का लागी, श्रम मापदण्ड कानुन ऐन अन्तर्गत वार्षिक बिदा भत्ता बाहेक, यूउक्यू (बिदा भत्ता) दिएका रोजगारदाता।

① प्राथमिक विद्यालयको बालबालिका इत्यादी (*) जसले नयाँ कोरोना भाइरस सङ्क्रामक रोगको सामना गर्न दिइएको मार्गनिर्देशनको आधारमा अस्थायी रूपमा बन्द गर्ने निर्णय गरे।

* प्राथमिक विद्यालय आदि: प्राथमिक विद्यालय, अनिवार्य स्कुलको प्रारम्भिक पाठ्यक्रम, विविध विद्यालय (किन्डरगार्टन वा प्राथमिक विद्यालय जस्तै कोर्ष भएकाहरू), विशेष आवश्यकता शिक्षाको लागि स्कुल (सबै समावेशी हुन्छ), स्कुल पछि बच्चाहरू क्लब , स्कुल पछिको दे सर्भिस, किन्डरगार्टन, नर्सरी स्कुल, प्रमाणित बाल केन्द्र, बिना लाइसेन्स नर्सरी, घर-नर्सरी, आदि, जस्तै बच्चाहरूको लागि डेकेयर सेवा, वा शारीरिक अशक्तता भएका बालकहरूको लागि डे केयर सर्भिस सुविधा, आदि।

② नयाँ कोरोना भाइरस द्वारा सङ्क्रमित भएका कारण बिदा लिनुपरेका बालबालिकाहरू।

## भुक्तानी रकम

बिदा भत्ता लिने योग्य श्रमिकलाई भुक्तान गरिएको मजदुरी × 10 /10

*प्रति दिन भुक्तानी गरिने रकम अधिकतम 8330 येन रहनेछ।

(सन् 2020 अप्रिल 1 तारिख पछि प्राप्त भएको बिदाको हकमा 15,000 येन)

## आवेदन मिति

2 फेब्रुअरी, 2020 देखि 30 जून भित्र बिदा भत्ता (यूउक्यू) लिएमा।

* वसन्त ऋतुको बिदा, गर्मी बिदाहरू जस्ता विद्यालय खुल्ने योजना नरहेको दिन बाहेक।

## आवेदन अवधि

सन् 2020 डिसेम्बर 28 तारिख सम्म

i

- **भुक्तानीको लागि आवश्यकता र प्रक्रियाको विवरणहरूको लागि,** स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।
- **सोधपुछको** लागि

नयाँ कोरोना बिदा टेवा | सर्च

**विद्यालय बिदा / समर्थन, रोजगार समायोजन अनुदान कल सेन्टर**

**0120 - 60 - 3999**

**समय: 9:00 ~ 21:00** **(शनि/आइत र सरकारी बिदा सहित)**

# प्राथमिक स्कुल बन्दको लागि अनुदान (फ्रीलान्सरहरूको लागि)

नयाँ कोरोना भाइरस सङ्क्रमणको प्रभावले प्राथमिक विद्यालय आदि अस्थायी रूपमा बन्द भई, बाल बच्चाको हेरचाह गर्नु परेका कारण सम्झौता गरिएको काम गर्न असफल भएका फ्रीलान्सर अभिभावक लाई आर्थिक सहयोग प्रदान गरिनेछ।

## योग्य व्यक्ति (फ्रीलान्सर जो सम्झौतामा व्यक्तिगत रूपमा काम गर्दछ)

अभिभावक जसले बालबालिकाको हेरचाह गर्नु परेको छ र जसले (1) वा (2) र अन्य विशेष आवश्यकताहरू पूरा गर्दछ।

(1) प्राथमिक विद्यालय जान बन्द गरेका बाल बालिका (*) कोरोना भाइरस सङ्क्रामक रोगको कारण दिशानिर्देशहरूको आधारमा अस्थायी रूपमा बन्द गरिएका।

* प्राथमिक विद्यालय आदि: प्राथमिक विद्यालय, अनिवार्य स्कुलको प्रारम्भिक पाठ्यक्रम, विविध विद्यालय (किन्डरगार्टन वा एलिमेंट्री स्कुल जस्तै कोर्ष भएकाहरू), विशेष आवश्यकता शिक्षाको लागि स्कुल (सबै समावेशी हुन्छ), स्कुल पछि बच्चाहरू क्लब , स्कुल पछिको दे सर्विस, किन्डरगार्टन, नर्सरी स्कुल, प्रमाणित बाल केन्द्र, बिना लाइसेन्स नर्सरी, घर-नर्सरी, आदि, जस्तै बालबालिकाहरूको लागि डेकेयर सेवा, वा शारीरिक अशक्तता भएका बालकहरूको लागि डे केयर सर्भिस सुविधा, आदि।

(2) नयाँ कोरोना भाइरस द्वारा सङ्क्रमित भई विद्यालय बिदा लिनुपरेका बालबालिकाहरू।

## आवश्यकताहरू

- यदि तपाईँ व्यक्तिगत रूपमा काम गर्ने योजनामा हुनुहुन्छ भने।
- सम्झौतामा आधारित कामको लागि क्षतिपूर्ति भुक्तान गरिनेछ र सम्झौता गर्ने व्यक्तिद्वारा, काम गर्ने ठाउँ, मिति र समय आदिको निश्चित निर्देशन दिइने छ।

## भुक्तानी रकम

काम रोकिएको प्रति दिन 4100 येन (निश्चित रकम)

* सन् 2020 अप्रिल 1 तारिख पछिका दिनको हकमा 1 दिन बराबर 7,500 येन (फ्ल्याट रेट)

## आवेदन मिति

2020 फेब्रुअरी 27 देखि जून 30 भित्र

* स्कुल बिदा रहने नियमित वसन्त ऋतुको बिदा का दिनहरू बाहेक।

## आवेदन अवधि

सेप्टेम्बर 30, 2020 सम्म

i

- **भुक्तानीको लागि आवश्यकता र प्रक्रियाको विवरणहरूको लागि,** स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोस्।。

- **सोधपुछको** लागि

**विद्यालय बिदा/समर्थन, रोजगार समायोजन अनुदान कल सेन्टर**

**0120-60-3999**

**समय: 9：00～21：00** (शनि/आइत र छुट्टीहरू सहित)

## कम्पनी द्वारा प्रायोजित बेबीसिटर प्रयोगको समर्थन (विशेष प्रबन्ध: कम्पनीका श्रमिकहरूको लागि )

नयाँ कोरोना भाइरस संक्रमणले प्राथमिक विद्यालय इत्यादी अस्थायी रूपमा बन्द भएको कारण, कम्पनीमा कार्यरत अभिभावकहरूले बिदा लिनु पर्दा वा स्कूल पछिको क्लब इत्यादीहरू प्रयोग गर्न नपाएको खण्डमा बेबिसिटर सेवा प्रयोग गरेमा उपयोग शुल्क समर्थन गरिनेछ।

### योग्य व्यक्ति

तल उल्लेखित बुंदा 1 देखी 3 सम्ममा मेल खाने व्यक्ति विशेष प्रबन्धहरूको लागि योग्य हुनेछ।

①निजी कम्पनीमा काम गरिरहेका।

②दुवै अभिभावकहरू काम गर्छन वा एकल अभिभावक हुनु, बेबिसिटर प्रयोग नगरी काम गर्न सक्दैनन्।

③नयाँ कोरोना भाइरस सङ्क्रमणको प्रभावको कारण बालबालिकाको प्राथमिक वा नर्सरी विद्यालय इत्यादि बन्द भएमा ।

### विशेष प्रबन्धहरूको विवरण

प्राथमिक विद्यालय वा नर्सरी स्कुल अस्थायी रूपमा बन्द भएको बेला प्रयोग गर्न सकिने छुट टिकट(2200 येन /वोटा) प्रदान गर्दछौं।

| | < सामान्य अवस्थामा > | | < विशेष अवस्थाहरूमा > |
|---|---|---|---|
| • प्रति दिनको टिकट सङ्ख्या | ： 1 वोटा / प्रति व्यक्ति | ⇒ | 5 वोटा /प्रति व्यक्ति |
| • 1 महिनाको टिकट सङ्ख्या | ： 24 वोटा / प्रति परिवार | ⇒ | 120 वोटा /प्रति परिवार |
| • वार्षिक टिकेट सङ्ख्या | ： 280 वोटा / प्रति परिवार | ⇒ | असीमित |

### आवेदन प्रक्रिया




i

● **विवरणको लागि, कृपया जापान बाल सेवा संघको वेबसाइट हेर्नुहोस्।**

http://www.acsa.jp/

# कम्पनी द्वारा प्रायोजित बेबीसिटर प्रयोगको समर्थन

## (विशेष प्रबन्ध:व्यक्तिगत मजदुरीमा लागेका व्यक्तिको लागि)

नयाँ कोरोना भाइरस संक्रमणले प्राथमिक विद्यालय इत्यादी अस्थायी रूपमा बन्द भएको कारण, स्वरोजगारको रूपमामा कार्यरत अभिभावकहरूले बिदा लिनु पर्दा वा स्कूल पछिको क्लब इत्यादीहरू  प्रयोग गर्न नपाएको खण्डमा  बेबिसिटर सेवा प्रयोग गरेमा उपयोग शुल्क समर्थन गरिनेछ।

### योग्य व्यक्ति

तल उल्लेखित बुंदा 1 देखी 3 सम्ममा मेल खाने व्यक्ति विशेष प्रबन्धहरूको लागि योग्य हुनेछ।

①व्यक्तिगत कामदारको रूपमा काम गरिरहेका (स्वरोजगार, फ्रीलान्सर आदि)

②दुवै अभिभावकहरू काम गर्छन वा एकल अभिभावक हुनु, बेबिसिटर प्रयोग नगरी काम गर्न सक्दैनन्।

③नयाँ कोरोना भाइरस सङ्क्रमणको प्रभावको कारण बालबालिकाको प्राथमिक वा नर्सरी विद्यालय इत्यादि बन्द भएमा।

### विशेष प्रबन्धहरूको विवरण

प्राथमिक विद्यालय वा नर्सरी स्कुल अस्थायी रूपमा बन्द भएको बेला प्रयोग गर्न सकिने छुट टिकट(2200 येन /वोटा) प्रदान गर्दछौँ।

| | < सामान्य अवस्थामा > | | < विशेष अवस्थाहरूमा > |
|---|---|---|---|
| • प्रति दिनको टिकट सङ्ख्या | ： 1 वोटा / प्रति व्यक्ति | ⇒ | 5 वोटा / प्रति व्यक्ति |
| • 1 महिनाको टिकट सङ्ख्या | ： 24 वोटा / प्रति परिवार | ⇒ | 120 वोटा / प्रति परिवार |
| • वार्षिक टिकेट सङ्ख्या | ： 280 वोटा / प्रति परिवार | ⇒ | असीमित |

### आवेदन प्रक्रिया




●विवरणको लागि, कृपया जापान बाल सेवा सङ्घको वेबसाइट हेर्नुहोस्।

http://www.acsa.jp/